# परिच्छेद - एक
# परिचय

कुनै पनि अध्ययनलाई सार्थक निष्कर्षमा पुऱ्याउनका लागि अध्ययन शीर्षकको पृष्ठभूमि अध्ययन गरी उद्देश्यहरु स्पष्ट किटान गरिएको हुनुपर्दछ । ती उद्देश्यहरु पूरा गर्न अध्ययनका सीमाहरु तोकी उद्देश्यहरुसँग सम्बन्धित तथ्याङ्क सङ्कलनका साधनहरुमा अनुसन्धानात्मक प्रश्नहरु निर्माण गर्नुपर्दछ । यस परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको परिसीमा र मुख्य शब्दावलीहरुको परिभाषाहरुलाई समेटिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा आजको अपरिहार्य आवश्यकता हो, विकासको मेरुदण्ड हो । प्रत्येक नागरिकले शिक्षा लिन पाउने अधिकारलाई सुनिश्चित गर्नुपर्दछ, यसका लागि राज्य सम्बन्धित निकायले आवश्यक भूमिका खेल्नुपर्दछ, वातावरण बनाउनुपर्दछ । शिक्षाले घर, परिवार, गाउँ, समाज, राष्ट्र र विश्वलाई एक आपसमा पारस्परिक सहयोग, सद्भाव र सम्बन्धलाई कायम राख्दछ, भाइचाराको भावनालाई आत्मसात गराउँदछ । शिक्षाले मानव जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका खेल्दछ । औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, प्रौढ शिक्षा, खुला शिक्षा जस्ता शिक्षा प्राप्त गर्ने निकायहरु जुनरुपमा भएतापनि शिक्षा कति प्रभावकारी हुन्छ या हुदैन, व्यवहारिक शिक्षा बनाउन र शैक्षिक उपलब्धिलाई उद्देश्य अनुरुप हाँसिल गर्न कुन प्रक्रियालाई अपनाउने र शिक्षा दिने जनशक्तिलाई कसरी प्रखर बनाउने भन्ने विषय महत्वपूर्ण हुन्छ । सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरु विपन्न, अशिक्षित, अज्ञानताको परिवेशबाट आएका हुन्छन् । त्यस्ता बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने आजको अनिवार्य आवश्यकता भएको छ । परम्परागत तरीकाले गरिएको शिक्षण कार्यले गुणस्तरीय र भरपर्दो शिक्षा प्राप्ती गर्न सकिदैन । आधुनिक तथा वैज्ञानिक तरीकाको शिक्षण कार्यले मात्र उद्देश्यमूलक र प्रतिस्पर्धी शिक्षा प्राप्त गर्न सम्भव छ । यसको लागि शैक्षिक जनशक्ति भरदपर्दो र तालिम प्राप्त हुन जरुरी छ ।

शिक्षण सुधार योजनाले प्रत्येक शिक्षकले आफ्नो विषय शिक्षण पश्चात विद्यार्थीहरुमा मौजुदा सिकाई उपलब्धिलाई वृद्धि गर्न गरिने सुधार हो । विषयगत सिकाई

उपलब्धि सुधार गर्न विभिन्न योजनाहरु निर्माण गर्नुपर्दछ । शिक्षण सुधार योजना निर्माण गर्न पनि शिक्षकमा ज्ञान हुनुपर्दछ । यसको लागि तालिम आवश्यक पर्दछ । विभिन्न पेशा अपनाएका व्यक्तिहरुले आफ्नो पेशाप्रति निष्ठापूर्ण, लगनशिलता वा समर्पित हुनुपर्दछ, पेशाप्रति विशेषज्ञता हासिल गर्नुपर्दछ । सरकारले शिक्षामा जति लगानी गरेको छ त्यस अनुसार शिक्षामा प्रतिफल प्राप्त गर्न सकेको छैन । यसका पछाडी विभिन्न कारणहरु हुन सक्दछन् । त्यसमा शिक्षक पनि एक कारण हो र शिक्षकले शिक्षण सुधारमा ध्यान नदिनु र पेशाप्रति निष्ठावान नहुनु हो ।

विभिन्न रुपमा नेपालमा प्राचीनकालदेखि नै शिक्षा दिने प्रचलन रहेको पाइन्छ, त्यस समयमा शिक्षालाई कसरी उपलब्धिमूलक बनाउने शिष्यहरुलाई कसरी निपुर्ण र दक्ष बनाउने भन्ने कुराले गुरुहरुलाई चिन्ताले सताउदथ्यो त्यसताका गुरुकुल शिक्षा पद्धति, लिच्छविकालीन, किरातकालीन हुदै राणाकालमा समेत विदेशबाट शिक्षाविद्हरु ल्याई शिक्षण कार्यमा सरिक गराएको हामी पाउँदछौं भने विदेशमा तालिम लिन समेत पठाएको पाईन्छ । यसरी हेर्दा कुनै न कुनै रुपमा शिक्षण कार्यलार्य सुधार गर्न प्रयत्न गरेको देखिन्छ । (शर्मा एण्ड शर्मा, २०६६)

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्र आए पश्चात शिक्षाको क्षेत्रमा आमूल परिवर्तन भएको देखिन्छ । वि.सं. २०२८ को शिक्षा ऐन आइसकेपछि शिक्षाको क्षेत्रमा व्यापक परिवर्तन भयो त्यसपश्चात शिक्षकहरुलाई शिक्षणमा सुधार ल्याउनका लागि विभिन्न नीति तथा कार्यक्रम लागू गरियो । शिक्षण सुधार गर्न शिक्षकलाई तालिम दिन थालियो । विभिन्न पेशाकर्मीहरुलाई निपूण बनाउन तालिम दिए जस्तै शिक्षकहरुलाई पनि तालिमको अनिवार्य व्यवस्था गर्ने परिपाटी पेशागत विकास तालिमको रुपमा सन् १९९२ देखि प्राथमिक शिक्षा विकास परियोजनाद्वारा प्राथमिक तहका लागि तालिमको व्यवस्था गरियो भने माध्यमिक तहका लागि १० महिने शिक्षण तालिम पूरा गर्दै दिन थालियो । यसलाई व्यापक रुपमा विस्तारित गर्दै नीतिगत रुपमा भौतिक रुपमा र पाठ्यक्रम तयार गरी कार्यक्रम निर्माण गरिदै कार्यान्वयन गरिन थालियो । यसै गरि सबैका लागि शिक्षा कार्यक्रम योजना (२००२-२०१५) लागू गरियो । यो कार्यक्रम अनुसार सन् २०१५ सम्म सबैलाई शिक्षाको पहुँच पुऱ्याउने भन्ने हो (अधिकारी, २०६९) ।

शिक्षण सुधार योजना कार्यान्वयनका लागि सर्वप्रथम वि.सं. २०११ भाद्रमा शिक्षक तालिमको शुरुवात गरियो त्यसैगरि वि.सं. २०३७ मा रेडियो नेपालको माध्यमबाट शिक्षक

तालिमको प्रसारण गर्नु सुरु गयो । वि.सं. २०२३ सालमा दक्ष र निपूर्ण शिक्षक जनशक्ति निर्माण गर्न अध्यापन अधिकार पत्र को व्यवस्था गरियो । वि.सं. २००४ सालमा आधार शिक्षा अन्तर्गत आधार शिक्षक शिक्षण केन्द्रको स्थापना भयो । शिक्षकहरुको वृत्ति विकासका लागि शिक्षा नियमावली २०५९ को नियम ७१ ले तालिम, प्रशिक्षण सम्बन्धि व्यवस्था गरेको छ । शिक्षक तालिम अन्तर्गत प्राथमिक शिक्षकको योग्यता १२ कक्षा बनाउने १० महिने शिक्षक तयारी कोर्ष अनिवार्य बनाइने अध्यापन अनुमति पत्र अनिवार्य गरिने, अल्पकालिन, पुनर्ताजगी र निरन्तर तालिमको व्यवस्था आदि शिक्षण सुधार कार्ययोजनाको अभिन्न नीतिगत अवस्था हो ।

शिक्षण सुधार गर्न माध्यमिक शिक्षा विकास परियोजना (१९९३-१९९९), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८) तथा विद्यालय क्षेत्र सुधार योजना, SSRP (२०६६-२०७२) कार्यान्वयन गरिएको छ । सन् २००९ सालमा ९९ प्रतिशत प्रा.वि. शिक्षकहरु तालिमप्राप्त बनाउने र तालिम नीति अनुरुप विद्यालयहरुमा सम्पूर्ण कार्यरत शिक्षकलार्य १० महिने तालिम प्राप्त बनाउने नीति तय गरियो । शिक्षकहरुलाई शिक्षण सुधार गर्ने (२००२-२००९) र माध्यमिक शिक्षक सहयोग कार्यक्रम (२००२-२००९) राज्यभर तालिम सञ्चालन गर्न विस्तारित तालिम सञ्जाल स्थापना गरी तालिम प्राप्त सम्पूर्ण शिक्षकहरुमा क्षमता विकास गर्ने नीति अपनाइयो ।सम्पूर्ण कार्यरत शिक्षकहरुलाई वि.सं. २०६६ सम्म सेवाकालीन तालिम १० महिने दिइसके पश्चात् शिक्षकको पेशालाई निष्ठावान र पेसाप्रति लगनशील बनाउन वि.सं. २०६६ मा नेपाल सरकारले शिक्षकको पेशागत विकास तालिम कार्यक्रम सार्वजनिक गऱ्यो । यो कार्यक्रम वि.सं. २०६७/०६८ देखि लागू भएको देखिन्छ । (विद्यालय क्षेत्र सुधार योजना, २०६३)

वि.सं. २०६३ मा नेपाल सरकार शिक्षा मन्त्रालय(MOE) ले विद्यालय शिक्षा सुधार सम्बन्धि अध्यापन पत्र निर्माण गर्थ्यो । यसमा विषयगत विशेषज्ञद्वारा सम्बन्धित विषयमा भएका समस्याहरुको पहिचान गर्ने र त्यसको समाधानका उपायहरुको विकल्प तयार गराई अवधारणात्मक मार्ग तयार गर्थ्यो । तत्पश्चात वि.सं. २०६४ मा विद्यालय क्षेत्र सुधार कार्यक्रम स्वीकृति गर्यो । विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई परिस्कृत गर्न नेपाल सरकारले साझेदार राष्ट्र संग वि.सं. २०६६/०६७ देखि कार्यान्वयन गर्ने निर्णय भयो । विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) कार्यान्वयन भएको छ । यस योजनाले शिक्षण सुधार गर्न महत्वपूर्ण सहयोग गरेको छ । (अधिकारी, २०७०)

शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षण सुधारका लागि शिक्षकहरुलाई तालिम प्रदान गर्दै आएको छ । तालिम प्राप्त शिक्षकले शिक्षण सुधार गर्न शिक्षण सुधार योजना निर्माण गरी त्यसमा भएका कार्यक्रम कार्यान्वयन गर्दै सिकाई उपलब्धिलाई वृद्धि गर्न गराउनु पर्दछ । शिक्षण सुधार गर्न नियमित कक्षा अवलोकन, निरन्तर विद्यार्थी मूल्यांकन, दैनिक हाजिरी, कक्षा कार्य, गृहकार्य, विद्यार्थी सक्रियता, विद्यालय नियमित नआउने, विद्यालय भाग्ने विद्यार्थीहरुको अभिलेख जस्ता विषयहरुको दैनिक अभिलेख राख्ने गर्नुपर्दछ । नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालयहरु सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर लाई सुधार गर्न विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन भएको पाइन्छ । वर्तमान अवस्थामा खस्कीएको शैक्षिक गुणस्तरको अवस्थामा पेशागत विकास तालिमले केही टेवा पुऱ्याउने आशा गर्न सकिन्छ । शिक्षकको पेशागत विकास क्षमता वृद्धि गर्ने संगै शैक्षिक गुणस्तर वृद्धि हुने अपेक्षा गर्न सकिन्छ (शिक्षा मन्त्रालय, २०६३) ।

मौजुदा सि.उ. भन्दा राखिएको अपेक्षित विषयगत सिकाई उपलब्धि कतिले वृद्धि भयो या घट्यो शिक्षण सुधार योजनामा राख्नुपर्दछ । माध्यमित तहमा अध्ययनरत बालबालिकाहरु किशोरावस्थाको हुने भएकोले उनीहरुलाई किशोरावस्थाको भावना बुझ्नेर शिक्षण सिकाई क्रियाकलाप गराउनु पर्दछ ।

पाँच वर्षमा सबै तहका शिक्षकहरुलाई स्रोत केन्द्रको माग बमोजिम तथा पुनताजगी शिक्षक तालिमको विकास गर्नुपर्दछ । विद्यालय क्षेत्रमा सुधार योजना अन्तर्गत शिक्षक तालिमको लागि विद्यालय व्यवस्थापन समिति लाई जिम्मा दिइए अनुरुप विद्यालय सुधार योजना भित्रका कार्यक्रम भएकोले शिक्षक पेसालाई निपूण र क्षमतावान जनशक्ति तयार गर्न सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई तालिम मार्फत योग्य बनाउने रहेको छ ।

विषयगत सिकाई उपलब्धी वृद्धि गर्न र शिक्षणमा सुधार ल्याउन शिक्षकको पेशागत विकास तालिम कार्यक्रम तीन वर्षे कार्य योजना भित्र पर्दछ । यसलाई तीन मोड्युलमा तयार गरिएको छ । पहिलोमा ५ दिने शैक्षिक तालिम केन्द्रमा र ५ दिने सम्बन्धित विद्यालयमा गई सम्पन्न गर्नुपर्दछ ।

तीन वर्षे कार्यक्रमको प्रथम चरणमा शैक्षिक तालिम केन्द्रबाट जारी गरि स्रोतकेन्द्र वा जि.शि.का. मार्फत सम्बन्धित विषयशिक्षकको समस्यालाई शिक्षण सुधार योजना (T.I.P.)मार्फत समस्याको माग गरिन्छ । त्यस पश्चात शैक्षिक तालिम केन्द्रका प्रशिक्षक वा

वि.नि. ले त्यसमा उल्लेख भएको समस्याको अध्ययन गर्ने गर्दछन् । त्यसै माग अनुसार कार्यक्रमहरु तयार गरिन्छ । त्यसका लागि प्रशिक्षक विषयगत कार्यरत प्रशिक्षक वा विशेषज्ञहरुबीच कार्यशाला सञ्चालन गरी प्रोफाइल तयार गरिन्छ । माध्यमिक तहमा कार्यरत शिक्षकहरुलाई शैक्षिक तालिम केन्द्रबाट सञ्चालन भएको कार्यशालामा सहभागी गराइन्छ । शिक्षण सुधार गर्ने हिसाबले २०६८/०६९ सम्म दोस्रो मोड्युल सञ्चालन भएको र ५ वर्ष भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई यो तालिम दिइसक्नुपर्ने कार्यक्रम छ (शिक्षा मन्त्रालय, २०६७) ।

मौजुदा लक्ष्यमा सुधार गर्न अपेक्षित लक्ष्य राखिनुपर्ने हुन्छ र त्यसलाई पुरा गर्न शिक्षकले विभिन्न शिक्षण सिकाई क्रियाकलापको पूर्व योजना समावेश गरिएको छ । त्यसमा शिक्षकले विषयवस्तु कुन शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने हो तोकिएको हुन्छ । दैनिक पाठ्ययोजना तयार गर्नुपर्ने र त्यसलाई प्रयोग गर्ने वातावरण बनाउन प्र.अ. बाट सहयोग को अवस्था हुनु जरुरी हुन्छ । साथै स्रोत व्यक्ति तथा प्रशिक्षकसंग शैक्षिक परामर्श गर्नुपर्ने हुन्छ । यसरी शिक्षणमा सुधार ल्याउन शिक्षकले सम्पादन गर्नुपर्ने कार्यहरु शिक्षण सुधार योजनामा समावेश गरिन्छ ।

## १.२ समस्याको कथन

विषयवस्तु भित्र समस्या रहेकै हुन्छ र समस्याले नै मानिसलाई क्रियाशिल पनि बनाउँदछ । नेपालको शैक्षिक विकासको इतिहास फर्केर हेर्ने हो भने आशा गरिए जति क्षेत्रमा उपलब्धि शैक्षिक क्षेत्रमा भएको पाइदैन । त्यसैले नेपालको शैक्षिक क्षेत्रमा विविध समस्याहरु रहेका छन् । विद्यालय तहको माध्यमिक तहमा हेर्ने हो भने शैक्षिक उपलब्धि ज्यादै न्यून रहेको पाइन्छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु सरकारले अपनाएको दक्ष जनशक्ति निर्माणमा तालिमको अपरिहार्यता कार्यक्रममा समावेश भई तालिम प्राप्त भएका पनि छन् । नेपाल सरकारको शिक्षा नितिमा प्राज्ञिक र पेशागत योग्यता भएका शिक्षकहरु मात्र शिक्षण पेशामा प्रवेश गराउने नीति पनि रहेको छ । शिक्षक सेवा आयोगले सेवा प्रवेश गर्दा हाम्रा होइनन राम्रा मात्रको प्रवेश नीति पनि लिइएको छ । शिक्षण सुधार गर्न सम्पूर्ण शिक्षकहरुले प्रथम, दोश्रो र तेस्रो मोड्युल तालिम लिएको अवस्था छ ।सामुदायिक विद्यालयको माध्यमिक तहमा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको सिकाई उपलब्धिको अवस्था न्यून नै रहेको र शिक्षण सुधार योजनामा कार्यान्वयनको

अवस्था अध्ययनले शैक्षिक क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा सोचेजति लक्ष्यमा पुग्न नसक्नुका कारण के होलान्? समस्याको रुपमा रहेको छ ।

प्रवेशिका परीक्षाको नतिजाका आधारमा हेर्ने हो भने सरकारी विद्यालयमा शैक्षिक गुणस्तर खस्किएकोपाइन्छ। सरकारले शैक्षिक गुणस्तरलाई सुधार गर्न विभिन्न नीति तथा कार्यक्रमहरु निर्माण गरी शिक्षकलाई क्षमतावान र दक्ष जनशक्ति बनाउन प्रयास गरेको पाईन्छ । अर्कोतर्फ राजनैतिक हस्तक्षेप र खिचातानिले शैक्षिक नीति प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिदैन जसले गर्दा शैक्षिक गुणस्तर सोचेजस्तो भएको छैन ।

वर्तमान परिप्रेक्षमा शिक्षामा राजनितिक हस्तक्षेप राजनैतिक परिवर्तन भएकोले शैक्षिक नीति प्रभावकारी कार्यान्वयन गर्न कठिन भएको अवस्था छ । समयको गतिशिलता संगै सरकार शिक्षक, अभिभावक तथा सरोकारपक्षहरुले शैक्षिक गुणस्तर सुधार गर्न सचेत र जिम्मेवार हुन आवश्यक छ ।

शैक्षिक गुणस्तरलाई विचार गर्दा शिक्षण सुधार को कुरा आउछ । विगतदेखि वर्तमान सम्म शिक्षामा के कति सुधारहरु भए? यसका लागि के के शिक्षा नीति तथा कार्यक्रमहरु निर्माण गरिए र कार्यान्वयत गरिए ? शिक्षण सुधार गर्न के कस्ता पेशागत विकास तालिमहरुभए ? जस्ता जानकारीमूलक विषयहरुको जिज्ञासा राख्न आवश्यक पर्दछ ।

शिक्षा क्षेत्रमा यति हुँदाहुँदै पनि सोचे जति उद्देश्य हासिल गर्न सकेको पाइदै । शैक्षिक गुणस्तरमा अपेक्षित सिकाई उपलब्धि किन भएको छैन ? शिक्षण सुधार योजना कार्यान्वयन गर्न किन समस्या भएको छ ? माध्यमिक तहको शैक्षिक गुणस्तर किन खस्किदै गएको होला ? नेपाल सरकारले शिक्षण र सुधार योजना कार्यान्वयन गराउन गरिएको कार्यक्रमहरुको उपलब्धि किन न्यून भएको हो? शिक्षण सुधार योजनामा पाठनोट तयार गरी शिक्षण गर्न किन शिक्षकहरुलाई असहज भएको होला ? जस्ता प्रश्नहरुले शिक्षण सुधार योजना कार्यान्वयन सम्बन्धि अत्यन्त समस्या रहेको अवस्था छ ।

विषयगत पाठ्यक्रम निर्माण गरेरमात्र उद्देश्य प्राप्ति हुदैन । तसर्थ पाठ्यक्रम कार्यान्वयन गर्ने भनेको कक्षाकोठामा हो । शिक्षकले आफुले अध्यापन गरेको विषय सिकाई सीपको विकास भयो या भएन ? सिकाई उपलब्धि के कति वृद्धि भयो ? शिक्षण प्रक्रियामा कुन पक्षमा कमी भयो ? पाठ्यक्रमका उद्देश्यहरु प्राप्ति हुन किन सकेन ? शिक्षण सुधार अपेक्षित हुन नसक्नुका कारणहरु के-के हुन् ? यी सबै विषयका बारे जानकारी हुनुपर्दछ ? सिकाई उपलब्धि उद्देश्य अनुरुप हासिल भए मात्र शिक्षण सुधार भएको मानिन्छ । तसर्थ

शिक्षण सुधारमा अपेक्षित सुधार गर्दै पाठ्यक्रमको कार्यान्वयन शिक्षकले गर्नुपर्दछ अनि मात्र सिकाई उपलब्धि हासिल गर्न सजिलो पर्दछ । सिकाई प्रति सक्रिय र जीवन्त सिकाई गर्न शिक्षकले शिक्षण सुधार योजना निर्माण गर्नुपर्दछ । शिक्षण सुधार योजना निर्माणमा अभिभावकतथा समुदायको पनि विद्यार्थीप्रति जिम्मेवार हुनुपर्दछ र विद्यालयमा समुदायको चासो हुनुपर्दछ ।

निश्चित विषयको अध्ययन गर्नुपर्दा त्यसको उद्देश्य हासिल गर्ने विधि र प्रक्रिया मार्फत निचोडमा पुग्नुपर्छ । तोकिएको विषय अध्यापन गर्नु र निष्कर्षमा पुग्नु सजिलो काम होइन । त्यसको गहिराईमा पुग्नुपर्दछ र विश्लेषण गर्नुपर्दछ । माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यक्रमले विद्यार्थीहरुको सिकाई उपलब्धी को स्तरलाई प्रतिनिधित्व गरेको हुन्छ । विद्यार्थीहरुको सिकाई उपलब्धी को वर्तमान स्तर र आगामी सिकाई उपलब्धीको लक्ष्यलाई हासिल गर्न चुनौतिपूर्ण कार्य हो । विद्यार्थीहरुको विषयगत सिकाई उपलब्धि शिक्षण सुधार कार्य अनुसार पुरा गर्न समस्या हुन सक्दछ । सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधारकार्यबाट सिकाई उपलब्धिको स्तारोन्नती गर्न समस्याकोरुपमा रहेको पाईन्छ । सिकाई उपलब्धि को लक्ष्यप्राप्ति नहुनुको कारण के हो ? शिक्षण सुधार योजना अन्तर्गत कुन कुन विधि प्रयोग गरि शिक्षण गर्नुपर्ने हो ? तोकिएको उद्देश्यहरु प्राप्ति गर्न कुन प्रक्रिया अपनाउनुपर्ने हो ? आदि समस्या देखा पर्न सक्छ । शिक्षकको पेशागत विकास तालिम अन्तर्गत शिक्षण सुधार योजनालाई प्रभावकारी तरिकाबाट कसरी कार्यान्वयन गर्ने? भन्ने विषय समस्याको रुपमा रहेको छ ।

### १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनको उद्देश्य किटान गरिएको हुन्छ । तोकिएको उद्देश्य प्राप्ति गर्न अध्ययन गर्नुपर्ने हुन्छ । उद्देश्य विनाको अध्ययनको कुनै अर्थ रहदैन । यहाँ अध्ययनको उद्देश्यहरु निम्नानुसार हुनेछ ।

१. सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था पहिचान गर्नु ।
२. सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रिया को विश्लेषण गर्नु ।

३. सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गर्नु एवं सुधारका लागि सुझाव दिनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरु

अध्ययन अनुसन्धानलाई पूर्णता दिन तथ्याङ्कहरु संकलन गर्नुपर्ने हुन्छ । त्यसका लागिनिम्न अनुसन्धानात्मक प्रश्नहरुमा केन्द्रित भई प्रश्नावली तयार गरी अध्ययन गरिनेछ।

१. सामुदायिक विद्यालयमा शिक्षण सुधार योजनाको निर्माण र कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?

२. सामुदायिक विद्यालयमा शिक्षण सुधार योजनाको विश्लेषणात्मक कार्यान्वयन प्रक्रिया के कस्तो रहेको पाइन्छ ?

३. शिक्षण सुधार योजना अन्तर्गत शिक्षण सुधार गरी सिकाई उपलब्धि वृद्धि गर्न शिक्षकको के धारणा छ ? के के गर्न सक्छन् ?

४. शिक्षण सुधार गर्न शिक्षकले के कस्ता शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गर्न सक्दछन्

५. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई शिक्षण सुधार गर्न र कार्यान्वयन गर्न केकठिनाईछ?

६. सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा विद्यालय प्र.अ. शिक्षक, वि.व्य.स. अभिभाव, वि.नि. विद्यार्थी तथा व्यक्तिका प्रमुख समस्या र कठिनाई केके छन् र त्यसको समाधान गर्ने उपायहरु के के हुन सक्छ ?

७. शिक्षकलाई शिक्षण सुधार योजना कार्यान्वयन गर्दा अपेक्षित सिकाई उपलब्धि हासिल हुन नसक्नाका समस्याहरु के के छन् ?

## १.५ अध्ययनको औचित्य

गुणस्तरीय शिक्षा आजको आवश्यकता हो । मानिसलाई शिक्षित बनाउनु राज्यको दायित्व हो । अध्ययनले मानिसमा भएको क्षमता र विषयवस्तुमा भएको ज्ञानलाई उजागर गर्दछ । माध्यमिक तहका विद्यार्थीमा विषयगत सिकाई उपलब्धिको के कस्तो अवस्था छ भन्ने कुराको पहिचान गर्न यो अध्ययनको आवश्यकता रहेको छ । सरकारले शिक्षा क्षेत्रमा करोडौंको लगानी गरेको अवस्था छ, २००७ सालको प्रजातन्त्र, २०४६ सालको प्रजातन्त्र र

२०६२/०६३ को लोकतन्त्र आएदेखि सरकाले शिक्षामा धेरै लगानी गरेको छ, शैक्षिक जनशक्ति निर्माण गर्न विभिन्न नीतिगत कार्यक्रमहरु ल्याएको छ । त्यसे कार्यक्रम अनुसार कार्यरत शिक्षकहरु तालिम प्राप्त भई दक्ष शैक्षिक जनशक्ति निर्माण पनि भएका छन् तरपनि सोचे जस्तो उपलब्धि नभइरहेको अवस्था छ, त्यसलाई सुधार गर्न सामुदायिक विद्यालयमा शिक्षण सुधार निर्माण र कार्यान्वयनको अवस्था को अध्ययन गरी वास्तविक अवस्था पहिचान गर्नुपर्ने आवश्यकता भएकोले यो अध्ययन गर्नुपरेको छ ।

शिक्षकलाई आफूले शिक्षण गरेको विषयको सिकाई उपलब्धि कति छ र यसलाई सुधार गर्नुपर्ने अवस्था भए त्यसको लागि के कस्ता योजना, शिक्षण विधि र शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने भन्ने योजना बनाउन शिक्षकलाई पथपदर्शकको काम गर्न गराउन पनि यो अध्ययनको आवश्यकता रहेको छ ।

विद्यालयमा खस्कदो गुणस्तरलाई माथि उकास्नको लागि सुधारात्मक कार्य गर्न शिक्षकलाई सही मार्गदर्शन गर्न पनि यो अध्ययनले सहयोग पुऱ्याउदछ । नेपाल सरकार शिक्षा मन्त्रालय मार्फत शैक्षिक जनशक्ति तालिम केन्द्रले स्रोतकेन्द्र मार्फत दक्ष जनशक्ति निर्माण र शैक्षिक गुणस्तर सुधार गर्न माध्यमिक तहलाई शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्नुपर्ने आवश्यकता महसुस गराउन पनि यो अध्ययनको आवश्यकता परेको छ ।

सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजनाको कार्यान्वयनको अवस्था पहिचान गर्नुका साथै कार्यान्वयन प्रक्रिया को विश्लेषण गर्नु रहेको छ । साथै आजको गिर्दो शैक्षिक गुणस्तरलाई माथि उकास्नका लागि शिक्षण सुधार योजना निर्माण गर्नु र त्यसको आधारमा शिक्षण गुणस्तर सुधार्न सहयोग गर्नु नै हो । सामुदायिक विद्यालयमा शिक्षकहरु तालिमप्राप्त योग्य, सक्षम र अनुभवी हुदाहुदै पनि शैक्षिक गुणस्तर ज्यादै दयनीय भएको देखिन्छ । त्यसैले शिक्षकले पेशागत विकास तालिम मार्फत सबै सामुदायिक विद्यालयमा शिक्षकलाई तालिम प्राप्त गराई शिक्षण गराउने उद्देश्यका साथ शिक्षण सुधार योजना निर्माण र प्रयोग गरि विद्यार्थीहरुको सिकाई उपलब्धि वृद्धि गराउन यो अध्ययनको औचित्य रहेको छ । सरकारले गिर्दो गुणस्तरलाई माथि उकास्न शैक्षिक विज्ञहरुको सुझावको आधारमा शिक्षण सुधार योजना अध्ययन गर्नुपरेको छ ।

अर्कोतर्फ शैक्षिक गुणस्तरको अवस्था कस्तो छ र यसलाई वृद्धि गराउन र शिक्षाको क्षेत्रमा शिक्षण सुधार गर्न अपनाइएका नीतिहरु सबैलाई ज्ञात होस् भन्नाको लागि यस अध्ययनको आवश्यकता रहेको छ । यस अध्ययन पश्चात शिक्षाको वर्तमान अवस्थामा

सुधार गर्न कोशेढुंगा साबित हुनेछ भने सामुदायिक विद्यालयका मा.वि. तहमाशिक्षाकोगुणस्तरको अवस्थालाई यसले अध्ययन गर्न मद्दत गर्नेछ।

त्यसैले सरकारले शिक्षामा सुधार ल्याउन शिक्षकको पेशागत तालिममा शिक्षण सुधार योजना निर्माण गरि शिक्षण सिकाई क्रियाकलाप गर्नुपर्ने रणनीति तयार गरेको छ । शिक्षणमा सुधार ल्याउन शिक्षकले आफ्नो रणनीतिलाई शिक्षण सुधार योजनामा समावेश गर्नुपर्ने, मौजुदा सिकाई उपलब्धि कति वृद्धि गर्ने हो समावेश गर्नुपर्ने, ती उद्देश्य पूरा गर्न गरिने क्रियाकलाप उल्लेख गरिनुपर्ने र यसका लागि शिक्षक, प्र.अ. विद्यार्थी, अभिभावक स्रोत व्यक्ति तथा सम्बन्धित निकायहरुसंग गोष्ठि साथै परामर्श भेला गर्नुपर्नेछ भन्ने कुराको विकास गर्न पनि यो अध्ययन कोसे ढुङ्गा साबित हुनेछ ।

**१.६ अध्ययनको परिसीमा**

अध्ययनको लागि तोकएको विषयमा तथ्याङ्क सङ्कलन गर्दा विश्लेषण गर्न एउटा निश्चित क्षेत्र र सङ्ख्या हुन्छ । जहाँ पायो त्यही र जस्तो पायो त्यस्तो तरिकाबाट गरिएको अध्ययनले कदापि पनि उद्देश्य प्राप्ति गर्न सक्दैन । र अध्ययन अधुरो, अपुरो र गतिहिन बन्न जान्छ । त्यसैले तोकिएको उद्देश्य प्राप्तिका लागि परिसिमाको महत्व विशेष छ । यस अध्ययनका लागि समयको अभाव दक्ष मानवीय संसाधनको अभावबाट सिमीत श्रोत र साधनबाट यस शोध आधारको परिसिमा यस प्रकार रहेकोछ ।

१) यो अध्ययन सुनसरी जिल्लाको धरान उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा गरिएकोछ ।

२) यो अध्ययन सामुदायिक विद्यालयको माध्यमिक तहमा मात्र गरिएकोछ ।

३) यो अध्ययन सामुदायिक विद्यालयको मा.वि. तहको शिक्षण सुधार योजनाको कार्यान्वयनको अवस्था र यसमा देखिएका समस्याहरु अध्ययन गर्ने विषयवस्तु मात्र गरिएकोछ ।

४) यो अध्ययन शैक्षिक सत्र २०७० को सिकाई उपलब्धि प्राप्त तथ्यांक सूचनाका आधारमा सम्पन्न गरिएकोछ ।

५) यो अध्ययन धरान उ.म.न.पा. भित्र रहेको सामुदायिक विद्यालयहरु मध्ये जम्मा ५ वटा मा.वि. सुविधाजनक नमुना छनौट प्रक्रियाबाट गरिएको छ र विद्यालयमा अध्ययनरत

मा.वि. तहका शिक्षकहरु प्र.अ. वि.व्य.स. अध्यक्ष, स्रोत व्यक्तिहरुबाट सूचनाका रुपमा लिइएकोछ ।

**१.७मुख्य शब्दावलीहरुको परिभाषा**

| | | |
|---|---|---|
| प्रधानाध्यापक | : | शिक्षा ऐनमा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयको प्रशासनिक कार्यको जिम्मेवारी भएका व्यक्ति । |
| शिक्षक | : | शिक्षा ऐनमा व्यवस्था भएबमोजिम सामुदायिक विद्यालयमा कार्यरतशिक्षक। |
| स्रोतव्यक्ति | : | शिक्षा ऐनमा व्यवस्था भए बमोजिम विद्यालयको अनुगमन निरीक्षण र सुपरिवेक्षण गर्न सरकारी तवरमा नियुक्ति जि.शि.का. कर्मचारी । |
| विद्यालय निरीक्षक | : | शिक्षा ऐनमा तोकेबमोजिम सम्बन्धित क्षेत्रमा विद्यालयहरु निरिक्षण गर्ने जि.शि.का. का कर्मचारी । |
| अभिभावक | : | विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक भन्नाले विद्यालयकोअभिलेखमा भएको व्यक्ति वा शिक्षा ऐनमा तोकेको व्यक्ति । |
| स्रोत केन्द्र | : | शिक्षा नियमावलीमा तोकिएबमोजिम निश्चित क्षेत्र भित्रका विद्यालयहरुलाईसहजीकरण गर्न तोकिएको केन्द्र, जसमा शैक्षिक गतिविधिको अनुगमन हुनेगर्दछ । |
| सामुदायिक विद्यालयहरु | : | सरकारबाट अनुदान प्राप्त विद्यालय । |
| विद्यालय व्यवस्थापन समिति | : | शिक्षा ऐनमा भएबमोजिम विद्यालयको शैक्षिक आर्थिक तथा भौतिक गतिविधिको साथै प्रशासनिक व्यवस्थापनको रेखदेख गर्ने समिति |
| सिकाई उपलब्धि | : | विद्यार्थीहरुले पाएको विषयगत प्राप्तङ्कहरु । |
| पेसागत | : | सम्बन्धित पेशा प्रति विशेषज्ञ । |

# परिच्छेद- दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन तथा अवधारणात्मक खाका

सिद्धान्तले अनुसन्धानलाई पूर्णता दिन मार्गदर्शनको काम गर्दछ । अध्ययन गरिने विषयका बारे सिद्धान्तले उद्देश्य प्राप्त गर्न सहज बनाउँदछ भने सम्बन्धित साहित्यको पूनरावलोकनले अध्ययनलाई त्यससँग सम्बन्धित विषयहरुको आधार मानिन्छ र यसको प्रयोगलाई स्पष्ट बनाउछ । यस परिच्छेदमा सैद्धान्तिक साहित्यको पूनरावलोकन, पूर्वसाहित्यको पूनारावलोकन, पूनरावलोकनको उपादेयता र अवधारणात्मक खाकालाई समावेश गरिएको छ ।

## २.१ सैद्धान्तिकसाहित्यको पुनरावलोकन

अध्ययनलाई सार्थक बनाउनका लागि सङकलन गरिएका तथ्याङ्कहरुलाई विश्लेषण र प्रस्तुतीकरण गर्नका लागि विभिन्न विज्ञहरुले दिइएको सैद्धान्तिक निष्कर्ष र शिक्षण सुधारका लागि शिक्षकहरुको क्षमता विकास तालिम सम्बन्धि अध्ययन र यी अध्ययनहरुबाट निस्किएका निचोड अवधारणाहरुलाई आधार मानी गरिनेछ । अध्ययनलाई उद्देश्य अनुरुप पुरा गर्न शिक्षण सुधार योजना संग सम्बन्धित विश्लेषण गर्नु सान्दर्भिक भएको हुन्छ ।

समाज गतिशिल छ समयर वातावरण संगै विश्व समाज पनि परिवर्तन भइरहन्छन्। विश्वमा विभिन्न घटना दुर्घटना भइरहन्छन् । विगतका दिनहरुमा शिक्षण प्रक्रिया पराम्परागत थिए तर वर्तमान समयमा विज्ञान र प्रविधिको विकासले शिक्षण प्रक्रियामा पनि आधुनिक पद्धतिको विकास भएको छ । त्यसै अनुरुप पाठ्यक्रममा पनि परिवर्तन हुनु स्वाभाविक हो ।

F.W. Taylorले कामलाई प्रभावकारी रुपमा सक्न दक्ष जनशक्ति हुनुपर्दछ, दक्ष व्यक्तिले मात्र कार्य प्रभावकारी रुपले सम्पन्न गर्न सक्दछ । उनले प्रतिपादन गरेको सिद्धान्तलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त पनि भनिन्छ । उनका अनुसार राम्रो योजनानिर्माणले मात्र लक्ष्य हासिल गर्न पेसा कर्मीहरुले राम्ररी कार्य सम्पादन गर्न सक्दछन्। आवश्यकता अनुसार शिक्षण सुधार गर्न शिक्षाकर्मीलाई तालिमको व्यवस्था गर्नुपर्दछ । उनका अनुसार कार्यदक्षता बढाएर उत्पादन बढाउन सकिन्छ । शिक्षणमा सुधार ल्याउन र अपेक्षित सिकाई उपलब्धि हासिल गर्न परम्परागत कार्यशैलिलाई परिवर्तन गरी वैज्ञानिक

बनाउनुपर्छ । कार्य सम्पन्न गर्न जिम्मा दिइएका जनशक्तिलाई तालिम दिई दक्षतापूर्वक काममा लगाउनुपर्दछ । (कोइराला, श्रेष्ठ, २०६६)

इभान भी. प्यावलव (१८४९-१९३६) ले प्रतिपादन गरेको सम्बद्ध प्रत्यावर्धनको सिद्धान्त अनुसार स्वभाविक उत्तेजना वा प्राकृतिक उत्तेजना र अस्वाभाविक उत्तेजना वा कृत्रिम उत्तेजनाको सम्बन्ध स्थापित गरी अस्वभाविक उत्तेजनाबाट स्वभाविक प्रतिकृया देखाउनु व्यवहारमा परिवर्तन आउनु हो । बालबालिकाहरुको सिकाइमा पनि स्वभाविक उत्तेजना र अस्वभाविक उत्तेजनाको सम्बन्ध स्थापित गरी अस्वभाविक उत्तेजनाबाट स्वभाविक प्रतिक्रिया प्राप्त गर्न सकिन्छ । बालबालिकाको सिकाई क्रियाकलापमा यस सिद्धान्तलाई प्रयोग गर्न सकिन्छ । (शर्मा एण्ड शर्मा, २०६५)

अल्फ्रेड विने ले बिसौं शताब्दिमा विकसित गरेको मानसिक क्षमताको व्यापकताले व्यवहारिक मनोविज्ञानमा जोडदियो । व्यवहारिक मनोविज्ञान व्यक्ति छनौट, तालिम कार्यक्रमको प्रगति मापन र विभिन्न कार्यमा व्यक्तिहरुको वर्गीकरणका लागि परीक्षण कार्यक्रममा सहयोग पुग्दछ । यस व्यवहारिक मनोविज्ञानलाई मानव क्षमताको अध्ययन गर्न प्रयोग गरिन्छ । (काफ्ले र अन्य, २०६८)

जोन डिबे (१८९६) को प्रयोगशाला विद्यालय सम्बन्धी नमूना प्रकाशनमा आएपछि बढी कार्यात्मक पाठ्यक्रमको सिद्धान्तले व्यापकता पायो । यस सिद्धान्त अनुसार विद्यार्थीको रुची, आवश्यकता र सामाजिक जीवनलाई ध्यान दिन्छ, विद्यार्थीहरुको व्यक्तिगत भिन्नता, सिर्जनात्मकता, प्रबर्द्धनात्मक कार्य, विकासात्मक कार्य, समस्या समाधान विधि, गरेर सिक्ने अवसर आदिलाई ध्यान दिई पाठ्यक्रमको विकास र योजना गर्नुपर्दछ र पाठ्यक्रम विकासमा विद्यार्थी र शिक्षकको प्रत्यक्ष सहभागिता हुनुपर्ने कुरामा जोड दिन्छ । यसबाट गुणस्तरीय शिक्षामा शिक्षण सुधार योजना निर्माण गर्दै समयानुसार विद्यार्थीको सर्वपक्षीय अवस्था बुझेर शिक्षण गर्नुपर्दछ भन्ने कुरामा मद्दत पुग्दछ । (खनाल, २०६४)

मेक्डोनाल्ड (१९६०) ले विकास गरेको सिद्धान्त पाठ्यक्रम सिद्धान्तले पनि विद्यालयले चार ओटा पद्धतिहरुको अन्तक्रियालाई ग्रहण गर्नुपर्ने कुराको व्याख्या गरे । उनले पाठ्यक्रम, शैक्षणिक कार्य, शिक्षण र सिकाईलाई एक आपसमा सम्बन्धित र खप्टिएको प्रणालीको रुपमा व्याख्या गरे । उनको पाठ्यक्रम अघिल्ला कार्यहरुको लागि योजनाको निर्माण गर्ने कार्य हो भने शैक्षणिक कार्य योजनालाई कार्यमा लैजाने प्रक्रिया हो । (खनाल, २०६४)

थर्नडाइक (१९१३) ले सिकाइको सिद्धान्तको सैद्धान्तिक व्याख्या उत्तेजना र प्रतिक्रिया बीचमा आधारित छ । उनले आफ्नो सिकाइको सिद्धान्तमा तत्परताको नियम, अभ्यासको नियम र प्रभावको नियम निर्माण गरी सिकारुले यसको आधारमा नै सिक्दछन् भन्ने कुरा प्रतिपादन गरे । (शर्मा एण्ड शर्मा, २०६५)

थापा, श्रेष्ठ (२०६८) का अनुसार शिक्षणमा सुधार ल्याउनका लागि शिक्षक तथा सरोकार पक्षहरुलाई पेसागत विकासको लागि तालिम दिने गरिन्छ । नेपाल सरकारले शिक्षाक्षेत्रमा धेरै लगानी गरेको छ । शिक्षण सुधार गर्न शिक्षासंग सम्बन्धित व्यक्तिहरुले विभिन्न शिक्षण सुधार योजनाहरु निर्माण र कार्यान्वयन गरेको हामी पाउछौं । शिक्षा क्षेत्रमा बालविकास देखि उच्च शिक्षासम्म प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम अनौपचारिक शिक्षा दुर शिक्षा तथा खुल्ला सिकाई आदि सबै क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न तयार गरिएको योजना शैक्षिक योजना हो । शैक्षिक योजनाले शिक्षण सुधार गर्न सहयोग गर्दछ ।

काफ्ले र अन्य (२०६७) का अनुसार शैक्षिक योजनालाई व्यापक रुपमा शैक्षिक विकासको प्रक्रियामा तार्किक र व्यवस्थित विश्लेषणको प्रयोग हो जसको उद्देश्य विद्यार्थीहरु तथा समाजका आवश्यकताहरु र उद्देश्यहरुलाई सम्बोधन गर्न शिक्षालाई बढी प्रभावकारी दक्ष बनाउनु हो । शिक्षामा लक्ष्य, उद्देश्य र रणनीतिहरुमा प्राथमिकता निर्धारण गर्न पनि यसले जोड दिएको छ ।

डा. सिन्हा र अन्य अनुसार असल मानवीय विकासबाट लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सकिन्छ । शिक्षण सुधार गर्न पेसाकर्मीहरुसंग आधिकारीक व्यक्तिले प्रत्यक्ष सम्पर्क राख्दा उनीहरुको विचार बुझ्न सहज हुन्छ र सम्बन्धित व्यक्तिले सबै पक्षसंग समयमा उचित समन्वय गरे प्रभावकारी ढंगबाट काम गर्न गराउन सकिन्छ ।

अधिकारी (२०७०) का अनुसार शिक्षण सुधारका लागि वि.सं. २०१० सालमा राष्ट्रिय शिक्षक,शिक्षण केन्द्र खुल्यो र वि.सं. २०११ भाद्रमा शिक्षक तालिमको शुरुवात भयो। वि.सं. २०१३ सालमा वि.सं. २०१३ सालमा घुम्ती शिक्षक तालिमको सञ्चालन भयो । नेपालको विद्यालय शिक्षाको समग्र शैक्षिक पक्षमा सुधार गर्ने गरी विद्यालय सुधार योजना ( २०६६-२०७२) लागू भएका शिक्षा क्षेत्रमा स्वतन्त्र परिक्षण गरि गुणस्तर तथा जवाफदेहीता अभिवृद्धि गर्ने व्यवस्था छ । विद्यालय सुधार योजना कार्यान्वयन गरेपछि गुणात्मक सुधारका विद्यार्थीहरुको सिकाई स्तरको अवाधिक रुपमा परिक्षण गर्ने गरी शैक्षिक गुणस्तर परिक्षण केन्द्रको स्थापना गरियो ।

## २.२ पूर्व साहित्यको पुनरावलोकन

जुन विषयमा अध्ययन गर्नुपर्ने हो त्यस विषय सम्बन्धि अध्ययन गरिएको भए त्यसबाट आएका निष्कर्ष सहित सम्बन्धित साहित्यको पुनरावलोकनमा उल्लेख गर्नुपर्छ ताकि सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनकर्तालाई सहयोग पुग्नेछ । अध्ययनकर्तालाई आफुले अध्ययन गर्ने विषयमा थप निष्कर्षमा पुग्न सजिलो हुनेछ । जसले अध्ययनको भित्री सतहमा पुगि वास्तविक अध्ययन गर्न बलियो आधार हुनेछ । जसले अध्ययनकर्तालाई आफूले अध्ययन गर्न लागेको विषयवस्तुसंग सम्बन्धित तथ्यहरु संकलन उपयुक्त परिक्षण तथा विश्लेषणमा सहयोग पुग्नेछ । अध्ययनसंग सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनकर्ताद्वारा लिखित सन्दर्भ ग्रन्थहरु प्रतिवेदनहरु विभिन्न विद्वानहरुमा अनुसन्धान गरि निस्किएको निष्कर्षहरुलाई निष्कर्षका रुपमा प्रस्तुत गर्न सहयोग हुनेछ ।

अधिकारी (२०७०) का अनुसार विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्नका लागि विभिन्न सम्बन्धित निकायले विभिन्न प्रयासहरु गरेको हामी पाउदछौं । विद्यालय शिक्षक, अभिभावक र समुदाय बिचको सम्बन्ध विना शैक्षिक गुणस्तरलाई वृद्धि गर्न सकिदैन भन्ने हेतुले सरकारले विद्यालय र समुदाय विचको सम्बन्धलाई बढावा दिएको पाइन्छ । शैक्षिक गुणस्तर राम्रो बनाउन दक्ष जनशक्तिको आवश्यकता पर्ने भएकोले विद्यालयका शिक्षकहरुलाई दक्ष बनाउन तालिमहरुको सुरुवात वि.सं. २०११ भदौमा शिक्षक तालिमको सुरुवात भयो । त्यसै गरी वि.सं. २०३७ मा रेडियो नेपालको माध्यमबाट शिक्षक तालिमको प्रसारण गरियो ।

तिमिल्सिना (२०६८) का अनुसार शिक्षणमा सुधार ल्याउने अभिप्रायले शिक्षा ऐन २०२८ मा व्यवस्था भए बमोजिम शिक्षकको नियुक्तिसंगै पेशागन दक्षता अभिवृद्धिलाई आधार दिएको देखिन्छ । तालिम बिनाको शैक्षिक दक्ष हुन सक्दैन दक्ष शिक्षक नभए शिक्षणमा सुधार हुन सक्देन भन्ने मनसायबाट शिक्षकलाई तालिम दिनुपर्ने धारणा शिक्षा ऐनमा उल्लेख भएको पाइन्छ । शैक्षिक गुणस्तरलाई मध्यनजर गर्दै शिक्षण सुधार गर्न योजनाका रुपमा ल्याइएको माध्यमिक शिक्षा विकास परियोजना (१९९३-१९९९) ले पनि समयानुकुल पाठ्यक्रम परिमार्जन र सुधार गर्नुपर्ने, शिक्षकलाई प्रभावकारी, क्षमतावान र प्रतिष्पर्धी बनाउनुपर्ने, शैक्षिक सामग्री र शिक्षक तालिमको व्यवस्था गर्नुपर्ने जस्ता कार्य नितिहरु राखेको पाइन्छ ।माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८) ले पनि शिक्षण सुधार योजनाका विषयहरु सिकाई वातावरण बनाइनुपर्ने शिक्षक, शिक्षा र विकास जस्ता

कुराहरुलाई समेटेको पाइन्छ । विद्यालय सुधार योजना (२०६६-२०७२) ले माध्यमिक तहका विद्यार्थीहरु व्यवसायिक र प्राविधिक तालिमको आवश्यकता महसुस गरी त्यस्तै अनुरुपको शिक्षणमा सुधार गर्नुपर्ने उद्देश्य राखेको छ ।

सेरिड (२०६१) का अनुसार शिक्षक शिक्षण आयोजना (२००२-२००९) र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००९) ले देश भरि तालिम संचालन गर्न बृहत तालिम सञ्चालन स्थापना गर्दै तालिम लिन बाँकि रहेमा सबै शिक्षकहरुको उल्लेख अनुसार तालिम बनाउने कार्यक्रम कार्यान्वयन भएको फलस्वरुप वि.सं. २०६६ भित्र सरकारको स्वीकृति दरबन्दीमा कार्यरत सबै शिक्षकहरुलाई सेवामा लिन तालिम १० महिने पेशागत तालिमको व्यवस्था गरियो शिक्षणलाई सुधार गर्न पेशागत तालिममा सिकेका सीपहरु पचसा प्रतिशत मात्र कक्षाकोठामा प्रयोग भएको निष्कर्ष शिक्षक तालिम सम्बन्धित प्रभावकारिता अध्ययन (CERI 2005)ले देखाएको छ । विद्यार्थी उपलब्धि स्तर बढाउन र निरन्तर पेशागत गतिविधि बढाई शिक्षणमा सुधार ल्याउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

जबरा, श्रेष्ठ र रञ्जितकार (२०६६) ले विद्यार्थीका मूल्यांकनलाई व्यवस्थित गर्न, सिकाई उपलब्धि स्तरलाई सुधार गर्न आन्तरिक मूल्यांकन प्रक्रियालाई जोड दिएका छन् । नियमित रुपमा गृहकार्य दिने, विद्यार्थीको प्रगति विवरण राख्नुपर्ने विद्यार्थीको नतिजा विद्यार्थी प्रगति विवरण कार्य दिनुपर्ने, प्रश्नहरु स्तर अनुसारको निर्माण, गर्नुपर्ने, परिक्षा सञ्चालन भएको १ महिना भित्र नतिजा प्रकाशन गर्नुपर्ने उत्तरपुस्तिका परीक्षणमा आधुनिकता अपनाउनुपर्ने जस्ता महत्वपूर्ण विषयहरुको व्यवस्था गरेको देखियो ।

शर्मा एण्ड शर्मा (२०६७) का अनुसार शिक्षण कार्य एक जटील कार्य हो, शिक्षककोएक असावधानीले विद्यार्थीको भविष्य विग्रन सक्छ । विद्यार्थीहरुलाई सिकाई उपलब्धि हासिल गराउन एउटा शिक्षकले आफुले जानेको शिक्षण सिकाई क्रियाकलापहरुको प्रयोग गर्नुपर्दछ । शिक्षणमा सुधार ल्याउन शिक्षण सुधार योजनाको परिकल्पना त्यसै गरिएको होइन । यस योजनामा शिक्षकले आफूले अध्यापन गरेको विषयमा विद्यार्थीहरुको सिकाई उपलब्धि को स्तरको अवस्था र त्यसलाई वृद्धि गराउने उपायहरु शिक्षण विधिको प्रयोग शैक्षिक सामग्रीको प्रयोग, परियोजना कार्य, प्रशासक संगको सहयोग, स्रोत व्यक्ति, शैक्षिक सरोकारवालाहरुसंगको सहकार्य गरि शिक्षण सुधार योजनाको निर्माण गर्नु पर्दछ ।

थापा, श्रेष्ठ, सिग्देल, लामिछाने (२०६८) ले शैक्षिक गुणस्तर वृद्धि शिक्षकको कुशलता, कार्यक्षमता र प्रभावकारितामा भरपर्ने भएकोले स्रोत र साधनलाई उपयोग गर्दै बढि सिकाई उपलब्धि हासिल गर्न शिक्षण सुधार योजनाको आवश्यकता महसुस गरेको पाईन्छ ।

शिक्षा विभागले सेप्टेम्बर २०१४ मा गरेको शिक्षण सुधार गर्न शिक्षँण सुधार योजनाको बारे एक कार्यक्रम गोष्ठि आयोजना गरेको पाइन्छ । जुन गोष्ठीले शिक्षकको प्रभावकारी र विकासमा सहयोग पुऱ्याउने लक्ष्य लिएको थियो । विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षणलाई निपूर्ण र दक्ष बनाउन दक्षता विकास तालिम दिई शिक्षण सुधार गर्ने उद्देश्यले सन् २०१३-२०१४ मा शिक्षण सुधार कार्यान्वयन गर्ने कार्यक्रम रहकोछ । शिक्षण सुधार योजनाको उपयोग गर्नका लागि शिक्षकलाई प्रभावकारी र विकास सम्मेलन गरिएको थियो । शिक्षण सुधारका लागि यो सम्मेलनले शिक्षक र मूल्याङ्कनलाई तीन चरणमा गोष्ठी गरिएको पाइन्छ । शिक्षण सुधार योजनाको विशिष्ट क्षेत्रको आवश्यकता पर्दछ, यस अन्तर्गत सुधारको आवश्यकता बारे छलफल गर्ने र शिक्षण सुधार बारे विचारहरुको आदानप्रदान गर्ने लक्ष्य लिइएको थियो ।तोकिएको क्षेत्रका सम्बन्धमा सुधार गर्न विशेष क्रियाकलापहरुका बारे छलफल गर्ने र कसरी सुधार योजनाको कार्यान्वयन गर्ने भन्ने रहेको छ । सम्मेलनले शिक्षण सुधार गर्न शिक्षक र मूल्यांकन कर्ताको बीच सञ्चार हुनुपर्ने शिक्षण सुधारका क्षेत्रहरुमा कसरी सिकाई उपलब्धि हासिल गराउन सकिन्छ सो प्रक्रियाबारे विचार आदानप्रदान गर्ने र स्रोतहरुको उपलब्ध गराई शिक्षकलाइ शिक्षण सुधार गर्ने वातावरण बनाउने रहेको छ । सुधार गर्नुपर्ने क्षेत्रका आवश्यकताहरु पहिचान गर्नुपर्ने र त्यसको समाधानका लागि योजना बनाउनुपर्ने मुख्य विषयहरु शिक्षण सुधार योजनामा रहेको हुन्छ ।

United Federation of Teacher (UFT) का अनुसार मूल्याङ्कनकर्ताले शिक्षकलाई दक्ष बनाउन शिक्षकलाई योजना गोष्ठीमा सहभागी गराई शिक्षकका आवश्यकताहरुलाई समाधान गर्न सहयोग गर्नु रहेको छ । पहिलो, शिक्षण सिकाईलाई प्रभावकारी बनाउन सुधारका क्षेत्रहरुको व्यवस्थापन गर्नुपर्दछ । दोश्रो, कार्यशाला गोष्ठीहरु सहभागी भई योजनाको प्रयोग गर्नुपर्दछ । तेश्रोमा पहिचान भएका शैक्षिक समस्याहरुलाई समाधान गर्नु विकल्प सहित योजना बनाउनुपर्दछ । त्यसैगरि सुधारलाई कसरी मापन गर्ने, श्रोतहरु पत्ता लगाई शिक्षकले शिक्षण गर्दा प्रयोग गर्ने कस्ता प्रक्रियाबाट शिक्षण सिकाई सुधार योजना कार्यान्वयन गर्नुपर्दछ ।

Center for Teacher Certification, ACCको अध्ययन अनुसार शिक्षकका लागि पृष्ठपोषण र मार्गदर्शन नभई नहुने कुराहरु हुन् । प्रशासक वा सम्बन्धित निकायले नयाँशिक्षकका लागि सधै समय दिइरहन सक्दैनन, त्यसैले शिक्षकलाई शिक्षणमा सुधार गर्न शिक्षण सुधार योजना कार्यान्वयन गराउन पृष्ठपोषण दिनुपर्दछ । यस संस्थाको अध्ययन अनुसार शिक्षण सुधार योजनाको माध्यमका शिक्षकले अवलोकन गर्नुपर्दछ, शिक्षण गर्दा अडिया/भिडिया सामग्री सन्दर्भ सामग्री, स्वअध्ययन, कार्यात्मक अनुसन्धान गर्नुपर्दछ ।

Danielson, C (2009) implementing the framework for professional practiceको अध्ययन अनुसार शिक्षण सुधार योजनाको विशिष्ट क्षेत्रको आवश्यकता पर्दछ यस अन्तरगत सुधारको आवश्यकता बारे छलफल गर्ने र शिक्षण सुधारका बारे विचारहरुको आदानप्रदान गर्ने गोष्ठी सेमिनार गर्नुपर्दछ । तोकिएका क्षेत्रका सम्बन्धमा सुधार गर्न, विशेष क्रियाकलापहरु बारे छलफल गर्ने र कसरी सुधार योजनाको कार्यान्वयन गर्ने भन्ने कुरा देखिएको छ ।

शिक्षण सुधार गर्न शिक्षकले समयमा पहिचान गर्नुपर्दछ र त्यसका क्षेत्रहरु किटान गर्नुपर्दछ । पहिचान भएका समस्याहरुको समाधानका लागि विकल्पहरु खोज्नुपर्दछ । सुधारका मापनहरु कसरी गर्न सकिन्छ, निश्चित गर्नुपर्दछ । समयतालिका, योजनाका श्रोतहरु योजनाका प्रतिवेदनहरु उल्लेख गर्न शिक्षण सुधार योजनाकमा समावेश गर्नुपर्दछ ।

पन्त, जनकराज, नेपालमा शिक्षक तालिम, का अनुसार आधुनिक शिक्षण प्रविधि र सिकारु केन्द्रित शिक्षण गर्नुपर्दछ भन्ने बहस चलिरहेको सन्दर्भमा नेपालमा शिक्षकहरुलाई शिक्षण सुधार गर्न धेरै तालिमहरु भईरहेका छन् SSRP (School Sector Reform Plan) / MOE (Ministry of Education ले पनि शिक्षकको पेसागत विकास तालिम नै शिक्षण सुधारको मुख्य कडीको रुपमा लिएको छ । तरपनि शिक्षकहरुले अहिले पनि परम्परागत शिक्षण विधिलाई नै शिक्षण क्रियाकलापमा अपनाउनेगरेकोपाइन्छ।

शिक्षणमा सुधार ल्याउनका लागि आमनेसामने शिक्षकहरु प्रशिक्षक, शिक्षा अधिकारीहरु, शिक्षाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरुलाई अन्तरवार्ता, सेमिनार र गोष्ठी गरी समस्याहरुको पहिचान, समाधान र सुझाव दिनुपर्छ ।

### २.३ पुनरावलोकनको उपादेयता

कुनै अध्ययनको उपादेयता भन्नाले त्यसको प्रयोग पश्चात कस्तो प्रभाव पर्दछ भन्ने कुरा हो, यो प्रस्तावनाको अध्ययनले साहित्यको पुनरावलोकनका साथै सैद्धान्तिक खाकामा उल्लेख गरिएका विषयवस्तुहरुले अध्ययनलाई तोकिएको उद्देश्य प्राप्ति गर्नका लागि मार्गदर्शन र आधार तयार गर्दछ । यहाँ सामुदायिक विद्यालयको माध्यमिक तहमा शैक्षिक गुणस्तरको अवस्था अध्ययन गर्ने शिक्षण सुधार योजनाको अध्ययन गर्नुपर्नाको कारण के हो भन्ने कुरालाई इङ्गित गरेको छ ।

यस अध्ययनलाई पुरा गर्न पूर्व कार्यको समिक्षा, विभिन्न शिक्षाविदहरुको सिद्धान्त र सरकारको नीतिलाई आधार मानी अध्ययन कार्य अगाडी बढाइएकोछ । विशेष गरी शिक्षण सुधार गर्न शैक्षिक क्षेत्रमा भएका कार्यहरु अनुसन्धान र सिद्धान्तले फरक फरक विचार प्रस्तुत गरेको छ । यसले शिक्षण सुधार गर्न शिक्षण सुधार योजनाको निर्माण र कार्यान्वयनको अवस्था चित्रण गर्नुका साथै त्यसका समस्याहरुलाई समाधानका उपायहरुको खोजीमा बलियो आधार हुनेछ । साथै माध्यमिक तहमा शिक्षण सुधारका लागि शिक्षकले तयार गर्ने शिक्षण सुधार योजनाका सम्बन्धमा अध्ययन गर्न के कस्ता विषय वस्तुको अध्ययन के कसरी गर्ने मार्गदर्शन गर्ने छ ।

अध्ययनलाई पूर्णता दिन अध्ययनको छनौट गर्ने, उपयुक्त अध्ययन साधन निर्माण गर्न, अध्ययन विधि छनौट गर्न, तथ्यांक प्रस्तुतीकरण र विश्लेषण गर्ने र अध्ययनको निष्कर्ष निकाल्न यस सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनकर्तालाई मार्गदर्शन गर्नेछ ।


### २.४ अवधारणात्मक खाका

शिक्षालाई गुणस्तरीय बनाउन विभिन्न योजनाहरु निर्माण तथा कार्यान्वयनहरु हुँदै आएका छन् । ती शिक्षण सुधार योजनाहरुले शिक्षण सिकाई क्रियाकलापलाई उपलब्धिमूलक बनाउन सक्यो या सकेन । शिक्षण सिकाइलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन शिक्षण सुधार योजनाहरु कार्यान्वयन भइरहेका छन् । शैक्षिक सुधारका लागि विद्यालय तह, पाठ्यक्रम र सुधार योजना निर्माण परिमार्जन र कार्यान्वयन भइरहेका हुन्छन् । योजना कार्यान्वयन गर्ने भनेको विद्यालय र शिक्षण कार्यमा संलग्न शिक्षक नै हुन् । सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजनाको निर्माण प्रक्रिया र कार्यान्वयनको प्रक्रियाले शिक्षण सुधारको अवस्था देखिन्छ । शिक्षण सुधारको लागि संगठित रुपमा चिन्तन,

व्याख्या र मार्गदर्शनले शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ । शैक्षिक सुधार असल योजनाबाट मात्रै हुन्छ, जसले शिक्षण क्रियाकलापलाई सार्थक र अर्थपूर्ण बनाउँदछ । सामुदायिक विद्यालयमा शिक्षण सुधार गर्न गरिने योजनाका अवधारणालाई चित्रद्वारा यस प्रकार देखाउन सकिन्छ ।

**चित्र नं. १**

अवधारणात्मक ढाँचा



## परिच्छेद- तीन
## अध्ययन विधि तथा प्रक्रिया

अध्ययन अनुसन्धान गर्न तथ्याङ्कदाता र तथ्याङ्कको ज्यादै महत्वपूर्ण भूमिका रहन्छ । ती तथ्याङ्कहरु सङ्कलन गर्न अध्ययन विधि तथा प्रक्रियाको आवश्यकता पर्दछ । तथ्याङ्क सङ्कलन गर्न कुन क्षेत्रलाई र जनसङ्ख्यालाई छनौट गर्ने, कसरी छनौट गर्ने, तथ्याङ्क सङ्कलन गर्न कुन स्रोत र साधनहरुको प्रयोग गर्ने र तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न कुन विधिहरु अपनाउने जस्ता विषयहरु यस परिच्छेदमा राख्नुपर्दछ । त्यस अनुरुप यस परिच्छेदमा अनुसन्धान ढाँचा, जनसङ्ख्या, नमूना तथा नमूना छनौट रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन र विधिहरु, तथ्याङ्क सङ्कलनका साधनको वैधता, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रियालाई समावेश गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययन अनुसन्धान गर्नका लागि निश्चित रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना विना गरिएको अध्ययनले तोकिएको लक्ष्य पुरा गर्न सक्दैन । अध्ययनका लागि तयार गरिने बृहत योजना तथा रणनीतिलाई नै अनुसन्धानको ढाँचा भनिन्छ । छनौट गरिएको अध्ययनको विषयवस्तुलाई कसरी प्रभावकारी र उपलब्धिमूलक बनाउने भन्ने रणनीतिक योजना नै अनुसन्धानको ढाँचा हो । यहाँ सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजनाको अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गर्न संकलित तथ्याङ्कहरुको व्याख्या, विश्लेषण र प्रस्तुतिकरण गर्नका लागि गुणात्मक र परिमाणात्मक अनुसन्धान पद्धतिलाई अपनाइएकोछ । अध्ययनका लागि तथ्यांकहरु अध्ययनकर्ता आफै सम्बन्धित क्षेत्रमा गई प्रत्यक्ष अवलोकन अन्तरवार्ता, अभिलेख, प्रश्नावली आदिको माध्यमबाट तथ्यांक संकलन गरिएकोछ ।

**तालिका नं. १**

**अध्ययनको अनुसन्धान ढाँचा**

| उद्देश्य | साधन | उत्तरदाता | | | |
|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | वि.व्य.स. अध्यक्ष | स्रोतव्यक्ति |
| १. सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था पहिचान गर्नु | अन्तरवार्ता | | | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | | |
| | अभिलेख | शिक्षण सुधार योजना फाराम र तालिम परियोजना | | | |
| २. सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षाण सुधार योजनाको कार्यान्वयन प्रक्रियाको विश्लेषण गर्नु | अन्तरवार्ता | | | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | | |
| | अभिलेख | शिक्षण सुधार योजना फाराम र तालिम परियोजना | | | |
| ३. सामुदायिक विद्यालय मा.वि. तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गर्न र सुधार गर्न सुझाव दिनु । | अन्तरवार्ता | | | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | | |
| | अभिलेख | शिक्षण सुधार योजना फाराम र तालिम परियोजना | | | |

## ३.२ जनसंख्या, नमूना तथा नमुना छनौट रणनीति

### ३.२.१ जनसंख्या

माथि परिसीमामा उल्लेख भए अनुसार यस अध्ययन क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा माध्यमिक विद्यालयहरुमध्ये जम्मा ५ वटा विद्यालयका शिक्षक, प्र.अ. वि.व्य.स.अध्यक्ष र स्रोतव्यक्ति यस अध्ययनको जनसंख्याका रुपमा रहेकोछ ।

**तालिका २**

**अध्ययन क्षेत्रको नमूना जनसंख्याको विवरण**

| क्र.सं. | विवरण | कुल जनसंख्या | नमुना जनसंख्या |
|---|---|---|---|
| १. | विद्यालयहरु | १३ | ५ |

| | | | |
|---|---|---|---|
| २. | शिक्षक | ११५ | ३५ |
| ३. | प्रधानाध्यापक | १३ | ५ |
| ४. | स्रोतव्यक्ति | १ | १ |
| ५. | स्रोतकेन्द्र | १ | १ |
| ६ | वि.व्य.स. अध्यक्ष | १३ | ५ |

### ३.२.२ नमूना र नमूना छनौटरणनीति

यस अध्ययनका लागि तथ्यांक संकलन गर्न सुविधाजनक नमुना छनौट प्रक्रिया अपनाइएको छ । अध्ययन क्षेत्रको रुपमा रहेका विद्यालयहरुमा कार्यरत प्र.अ., शिक्षक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र स्रोत व्यक्तिलाई तथ्याङ्क संकलनको सूचनादाताको रुपमा लिईएको छ । छनौट गरिएको नमूनाहरु यस प्रकार छन् जसलाई अनुसूची ६ मा राखिएको छ ।

**(क) प्र.अ.को छनौट**

अध्ययन क्षेत्र भित्रमा छनौट गरिएका ५ वटा माध्यमिक, उच्च माध्यमिक सामुदायिक विद्यालयका प्र.अ.हरुलाई सुविधाजनक नमुना छनौट विधिबाट छनौट गरिएकोछ ।

**(ख) शिक्षकको छनौट**

अध्ययन क्षेत्र भित्रमा छनौट भएका ५ वटा सामुदायिक विद्यालयका मा.वि. र उच्च मा.वि. बाट ७ जनाका दरले ३५ जना शिक्षकलाई उद्देश्यमूलक नमुना छनौट विधिका आधारमा छनौट गरिएकोछ ।

**(ग) वि.व्य.स. अध्यक्षको छनौट**

नमुनाका रुपमा छनौटमा परेका ५ वटा सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षहरुलाई नै नमुनाका रुपमा छनौट गरिएकोछ ।

**(घ) स्रोत व्यक्तिको छनौट**

छनौटमा परेका क्षेत्रको स्रोत केन्द्रका स्रोतव्यक्ति नै नमुनाका रुपमा छनौट गरिएकोछ ।

### ३.३ अध्ययन क्षेत्र

यो अध्ययन गर्नको लागि सुनसरी जिल्ला धरान उ.म.न.पा. क्षेत्रभित्रका सामुदायिक विद्यालयको माध्यमिक विद्यालयहरु अध्ययन क्षेत्रको रुपमा रहेका छन् । जस अनुसार सुनसरी जिल्लाको धरान उ.म.न.पा.अन्तर्गत पब्लिक उच्च मा.वि. फुस्रे, धरान-१३, शिक्षा निकेतन उ.मा.वि., धरान-६, पञ्चायत उ.मा.वि., धरान-१०, ल्याबोरेटरी उ.मा.वि., धरान-८ र हिमाली मा.वि., देउराली छनौट गरिएकोछ ।जसलाई अनुसूची ६ मा राखिएको छ ।

**(क) जिल्ला, न.पा. को छनौट**

यो अध्ययनका लागि सुविधाजनक नमुना छनौट विधिबाट सुनसरी जिल्ला अन्तर्गतको धरान उप-महानगरपालिकालाई नमुनाको रुपमा छनौट गरिएकोछ ।

**(ख) विद्यालयको छनौट**

नमुनाको रुपमा छनौट गरिएका सुनसरी जिल्ला धरान उप-महानगरपालिकाका सामुदायिक विद्यालयहरुमध्ये माध्यमिक र उच्च माध्यमिक विद्यालयहरुमध्ये ५ वटा विद्यालयलाई सुविधाजनक नमुना छनौट विधिबाट छनौट गरिएकोछ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र विधिहरु

### ३.४.१तथ्याङ्क सङ्कलनका स्रोतहरु

अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि निम्न अनुसारका तथ्याङ्क सङ्कलनका स्रोतहरुको प्रयोग गरिएकोछ ।

**(क)प्राथमिक स्रोत**

अनुसन्धानका क्रममा तथ्याङ्क सङ्कलन गर्न अध्ययनकर्ता आफैले निर्माण गरेका साधनहरुको उपयोग गरि उत्तरदाताबाट प्रत्यक्ष रुपमा प्राप्त हुने तथ्याङ्क नै तथ्याङ्कको प्राथमिक श्रोत हो । अध्ययन कार्य सम्पन्न गर्न तथ्याङ्कको महत्वपूर्ण स्थान हुन्छ । तथ्यांक विना अध्ययन अनुसन्धान हुन सक्दैन । यहाँ अध्ययनका लागि प्राथमिक स्रोत अन्तरगत प्रश्नावली, अन्तरवार्ता, छलफल अवलोकन आदि साधनको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएकोछ ।

**(ख) द्वितीय स्रोत**

अध्ययनलाई विश्लेषण तथा उद्देश्यपूर्ण बनाउन तथ्यांकको आवश्यकता पर्दछ । तथ्यांक संकलन गर्न यहाँद्वितीय स्रोतको रुपमा विद्यालय अभिलेख, शिक्षकले निर्माण गरेको शिक्षण सुधार योजनाको अभिलेख, स्रोत केन्द्रको तथ्यांक शिक्षकको पेसागत विकास तालिम र त्यसले निर्दिष्ट गरेको कार्यक्रमको शिक्षकद्वारा तयार गरिएको कार्यक्रम विभिन्न पत्रपत्रिका, पुस्तकहरु आदिलाई अध्ययनको द्वितीयश्रोत अन्तरगत संकलन गरिएकोछ ।

### ३.४.२ तथ्याङ्क संकलनका साधनहरु

यो अध्ययन कार्य सम्पन्न गर्न आवश्यक तथ्याङ्क सङ्कलन गर्न निम्न साधनहरु प्रयोग गरिएकोछ ।

क) प्रश्नावली

ख) अन्तरवार्ता अनुसूची

ग) अभिलेख

घ) विद्यालय सर्वेक्षण

### क) प्रश्नावली

तथ्याङ्क संकलनको साधनका लागि प्रश्नावली एक हो । कुनै विषयका बारेमा व्यक्तिको विचार बुझ्न यो प्रश्नवाली साधनको प्रयोग गरिन्छ । प्रश्नावलीको प्रयोगबाट तथ्याङ्क सङ्कलन गर्न विद्यालय का प्र.अ., शिक्षक लाई प्रश्नावलीको माध्यमबाट तथ्याङ्क सङ्लन गरिएकोछ ।

प्रश्नावलीलाई अनुसूची १ र २ मा राखिएकोछ ।

### ख) अन्तरवार्ता अनुसूची

कुनै विषयमा अध्ययन गर्न त्यसको लागि तथ्याङ्कको जरुरी पर्दछ । तथ्याङ्कका लागि साधनहरुको आवश्यकता पर्दछ । यहाँ तथ्याङ्कहरु सङ्कलनका लागि व्यक्तिको धारणा बुझ्न पूर्व निर्धारित मापदण्ड नअपनाई आवश्यकता अनुरुप अन्तरवार्ता सञ्चालन गरि तथ्यांक संकलन गरिएकोछ । वि.व्या.स. अध्यक्ष र स्रोत व्यक्तिबाट तथ्याङ्क सङ्कलन गर्न यो प्रयोग गरिएकोछ ।अन्तरवार्ताको निर्देशिकालाई अनुसूची ३ र ४ मा राखिएकोछ ।

**ग) अभिलेख**

यस अध्ययनका लागि तथ्यांक संकलन गर्ने अर्को भरपर्दो माध्यम अभिलेख हो । विद्यालयका शिक्षण सुधार गर्न भूमिका खेल्ने व्यक्ति भनेको शिक्षकहरु नै हुन् । शिक्षकहरुले शिक्षण सुधार योजनाका लागि पेसागत विकास तालिम लिएको वा त्यसमा निर्देशन गरिएका क्रियाकलापको अभिलेख, शिक्षण सुधार योजना निर्माणको अभिलेख, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग गरि शिक्षण गर्ने परिपाटी तथा शिक्षण सुधारकालागि शिक्षकले गर्ने योजना र क्रियाकलाप, विद्यालयले निर्माण गर्ने योजना, स्रोत केन्द्रद्वारा निर्धारण गरेको अभिलेख जस्ता कुराहरुको अभिलेखबाट तथ्यांक संकलन गरिएकोछ ।यसलाई अनुसूची ५ मा राखिएकोछ ।

**घ)विद्यालय सर्वेक्षण**

विद्यालय गई विद्यालय शिक्षक, विद्यार्थी, प्र.अ., वि.व्य.स. लगायतबाट केकस्ता योजना निर्माण गरेका छन् विद्यालयको नतिजामा केस्ता परिणाम आएको छ वातावरणीय अवस्था, भौतिक अवस्था, आर्थिक अवस्था र समुदायसंगको सम्बन्ध, विद्यालयको क्रियाकलापको सर्वेक्षण गरि तथ्याङ्क सङ्कलन गरिएकोछ ।

## ३.५ तथ्याङक संकलनका साधनको वैधता

तथ्याङ्क सङ्कलनका लागि निर्माण गरिएको साधनहरुमा वैधताको परीक्षण गर्न तथ्यांकका साधनको निर्माण र छनौट प्रक्रिया शोध निर्देशकलाई देखाई त्यसको सुधारका लागि आवश्यकता अनुसार परिस्कृत र परिमार्जन गरि तथ्याङ्क सङ्कलनका साधनहरुलाई बैधता प्रदान गरिएकोछ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

अध्यननका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न तल दिइए अनुसारका तथ्याङ्क सङ्कलन प्रक्रियाहरुको प्रयोग गरिएकोछ ।

### ३.६.१ प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन प्रक्रिया

यस प्रक्रिया अनुसार निम्न विधि र साधनको प्रयोग गरी निम्न व्यक्तिहरुबाट तथ्याङ्क सङ्कलन गरिएकोछ ।

क) विद्यालयका प्रधानाध्यापकहरुबाट अनुसूची १ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरि अनुसन्धानकर्ता आफैबाट तथ्याङ्क सङ्कलन गरिएकोछ ।

ख) विद्यालयका शिक्षकहरुबाट अनुसूची २ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैबाट तथ्याङ्क सङ्कलन गरिएकोछ ।

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट अनुसूची ३ मा निर्माण गरिएको अन्तरवार्ता अनुसूचीको प्रयोग गरी अनुसन्धानकर्ता आफैबाट तथ्याङ्क सङ्कलन गरिएकोछ ।

घ) स्रोतकेन्द्रका स्रोतव्यक्तिबाट अनुसूची ४ मा निर्माण गरिएको अन्तवार्ता अनुसूची प्रयोग गरी अनुसन्धानकर्ता आफैबाट तथ्याङ्क सङ्कलन गरिएकोछ ।

### ३.६.२. द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन प्रक्रिया

यस प्रक्रिया अन्तर्गत शिक्षकहरुले निर्माण गरेको शिक्षण सुधार योजना अभिलेख, विद्यालयले शिक्षण सुधार गर्न निर्माण गरेको योजना अभिलेख, स्रोतकेन्द्रको शिक्षकको पेसागत विकास तालिम र त्यसलै निर्दिष्ट गिरेको कार्यक्रमको शिक्षकद्वारा तयार पारिएको कार्यक्रम र विभिन्न पुस्तकहरुबाट तथ्याङ्क सङ्कलन गरिएकोछ ।शिक्षकहरुद्वारा तयार पारिने शिक्षण सुधार योजनाको अभिलेख फारम अनुसूची-५ अनुसार तथ्याङ्क सङ्कलन गरिएकोछ ।

### ३.७ तथ्याङ्ककोव्याख्या तथा विश्लेषण प्रक्रिया

यस अध्ययनका लागि आवश्यक सम्पूर्ण तथ्याङ्कहरु सङ्कलन गरेपछि सङ्कलन गरिएको तथ्याङ्कहरुलाई गुणात्मक विधि र परिमाणात्मक तथ्याङ्कहरुलाई तथ्यांक विवरण तालिका र स्तम्भ चित्र, वृत्तचित्रहरुको प्रयोग गरि विश्लेषण गरिनेछ । अन्तर्वार्ता, प्रश्नावली र अभिलेखबाट सङ्कलित तथ्याङ्कलाई गुणात्मक विधि र परिमाणात्मक रुपमा प्राप्त भएको तथ्याङ्कलाई तालिका, स्तम्भभित्र र वृत्तचित्रहरुको प्रयोग गरि विश्लेषण गरिएकोछ ।अन्त्यमा, विभिन्न पक्षमा प्राप्त नतिजाको आधारमा सारांश, प्राप्ति र निष्कर्ष निकाली आवश्यक सुझाव सहित शोधपत्र तयार गरिएकोछ ।त्यसलाई विभिन्न पक्षमा प्राप्त नतिजाको आधारमा सारांश, प्राप्ति र निष्कर्ष निकाली आवश्यक सुझाव सहित शोधपत्र तयार गरिएकोछ ।

## परिच्छेद- चार

## नतिजाको व्याख्या तथा विश्लेषण

अध्ययन तथा अनुसन्धान गर्न तथ्याङ्कको सङ्कनल मात्र गरेर पुग्दैन, निचोडमा पुग्नको लागि सङ्कलन गरिएका तथ्याङ्कको व्याख्या र विश्लेषण गर्नु जरुरी हुन्छ । तथ्याङ्कदाताहरुबाट के कस्ता तथ्याङ्कहरु प्राप्त भए, त्यसको व्याख्या तथा विश्लेषण गरिनुपर्दछ । उद्देश्य अनुरुप आएका तथ्याङ्कहरुबाट भएका प्राप्तीहरुलाई उल्लेख गर्नुपर्दछ । यस परिच्छेदमा तथ्याङ्कको विश्लेषण तथा नतिजाको व्याख्या र सारांश वा प्राप्तिको छलफललाई समेटिएको छ ।

### ४.१ तथ्याङ्कको विश्लेषण तथा नतिजाको व्याख्या

यो अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयनको अवस्था कस्तो छ? त्यसको पहिचान गर्ने प्रयास गरिएको छ । विद्यालयीय शिक्षाको गुणस्तर बनाउन विद्यालयमा शिक्षकले शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्नु उपयुक्त र आवश्यक विषय हो । विद्यालयमा शिक्षकले शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउन सहयोग गर्ने शिक्षण सुधार योजना निर्माणको अवस्था पहिचान गर्न र यसको कार्यान्वयनमा देखिएका समस्याहरुका साथै समाधानका उपायहरु पहिल्याउनका लागि सुनसरी जिल्ला धरान उप-महानगरपालिकाका सामुदायिक विद्यालयहरुमध्ये ५ वटा विद्यालयहरु छनौट गरी प्र.अ., शिक्षक, स्रोतव्यक्ति र वि.व्य.स. अध्यक्षहरुलाई नमूनाको रुपमा छनौट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । ती तथ्याङ्कहरु सङ्कलन गर्न विभिन्न साधनहरु प्रश्नावली, अन्तर्वार्ता, अभिलेख अध्ययन गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ ।

#### ४.१.१ सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना निर्माणको अवस्थाको विश्लेषण

शिक्षण सुधार योजना निर्माण गर्दा आवधिक शिक्षण सुधार योजना, शैक्षणिक योजना, शिक्षक तालिम, निरन्तर विद्यार्थी मूल्याङ्कन, वार्षिक कार्ययोजना, दैनिक

पाठनोटको निर्माण, सूचना तथा प्रविधिको प्रयोग, प्रयोगात्मक र परियोजना कार्य, नतिजा विश्लेषण, अतिरिक्त क्रियाकलाप र उपयुक्त शैक्षिक सामग्री तथा शिक्षण विधिको प्रयोग जस्ता महत्वपूर्ण कार्यहरुको योजना निर्माण गरी कार्य गर्नुपर्दछ ।

सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना निर्माणको स्थितिको पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ । यो अध्ययन क्षेत्र सुनसरी जिल्ला धरान उ.म.न.पा.का ५ वटा सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था यस प्रकार रहेको छ ।

**तालिका नं. ३**

**शिक्षण सुधार योजना निर्माणको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | छ | छैन | कहिलेकाही | जरुरी छैन |
|---|---|---|---|---|---|
| १ | पब्लिक उ.मा.वि. | ७ | | | |
| २ | पञ्चायत उ.मा.वि. | ५ | | २ | |
| ३ | ल्याबोरेटरी उ.मा.वि. | ७ | | | |
| ४ | शिक्षानिकेतन उ.मा.वि. | ६ | | १ | |
| ५ | हिमाली मा.वि. | ७ | | | |
| | जम्मा | ३० | | ५ | |

स्रोतः विद्यालय तथ्याङ्क फाराम, २०७०

माथि तालिका अनुसार छनौटमा परेका सामुदायिक विद्यालयमा मा.वि. तहका शिक्षकहरुद्वारा शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गरेको अवस्थालाई निर्दिष्ट गरेको छ । विद्यालयमा अध्ययनरत सबै शिक्षकहरुले शिक्षकको पेसागत विकास तालिम लिई शिक्षण सुधार योजनाको निर्माण गरेर शिक्षण गर्नुपर्ने र सिकाई उपलब्धिलाई वृद्धि गर्नुपर्ने हुन्छ । यहाँ तालिका अनुसार पब्लिक उच्च मा.वि.मा कार्यरत मा.वि. तहमा शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्नेको सङ्ख्या ७ जना रहेको पाइयो । त्यसैगरी पञ्चायत उच्च मा.वि.मा मा.वि. तहमा शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्नेहरुको सङ्ख्या ५ जना र कहिलेकाही निर्माण गरी गर्नेको सङ्ख्या २ जना पाइयो भने यस विद्यालयमा पनि शिक्षण सुधार योजना निर्माण नै नगरी शिक्षा गरेको पाइएन । त्यसैगरी ल्याबोरेटरी उ.मा.वि.मा शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्ने ७ जना पाइयो।


शिक्षानिकेतन उ.मा.वि.मा अध्ययनरत मा.वि. तहमा शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्ने शिक्षकहरुको अध्ययन गर्दा शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्नेको सङ्ख्या ६ जना र कहिलेकाही निर्माण गरी शिक्षण गर्नेको सङ्ख्या १ जना पाइयो ।

हिमाली मा.वि.मा भने मा.वि. तहमा अध्यापनरत ७ जना शिक्षकहरुले नियमित शिक्षण सुधार योजना निर्माण गरेर मात्र शिक्षण गरेको पाइयो ।

अध्ययन क्षेत्रमा पाँचै विद्यालयमा शिक्षण सुधार योजना निर्माणको अवस्थालाई अध्ययन गर्दा प्रत्येक विद्यालयका धेरैजसो शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गरेर शिक्षण गरेको पाइयो । विद्यालयमा अध्ययनरत शिक्षकहरुले शिक्षण सुधार योजनाको निर्माण गरेर मात्र शिक्षण गर्नुपर्ने नीति सरकारको भएकोले सबै शिक्षकहरुले विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षण सुधार योजना निर्माण गरेर मात्र शिक्षण गर्नु सान्दर्भिक हुन्छ । अध्ययन क्षेत्रको सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना निर्माणको अवस्थालाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र नं. २**

**शिक्षण सुधार योजना निर्माणको अवस्था**




**(क) प्र.अ.हरुको सामुदायिक विद्यालयकोमाध्यमिक तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था प्रतिको धारणाः**

अध्ययन क्षेत्रका ५ वटा विद्यालयका प्र.अ.हरुका लागि तयार पारिएको बन्द र खुला प्रश्नावलीका आधारमा लिइएको तथ्याङ्कबाट सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था सकारात्मक रहेको पाइयो । सबै विद्यालयका प्र.अ.हरुबाट शिक्षण सुधार योजना निर्माण गरेर शिक्षण गरिने गरिएको अवस्था रहेको कुरा पाइयो । अध्ययन क्षेत्रमा सबै विद्यालयका प्र.अ.हरुबाट शिक्षण सुधार योजना तयार गरी शिक्षण गर्दा मौजुदा लक्ष्यमा वृद्धि भई केही सुधार भएको अवस्थालाई उल्लेख गर्नुभएको पाइयो ।

त्यसैगरी शिक्षण सुधार योजनाले शिक्षण कार्यमा शिक्षकलाई विषय र पाठको बारेमा सुधार गर्न, अपेक्षित लक्ष्य हासिल गर्न, अध्यापन गर्न सहज र सरल तरिकाले विषयवस्तु बुझ्न, शिक्षण प्रस्तुतीमा सरलता बनाउन र विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई वृद्धि गर्न शिक्षण सुधार योजना निर्माण ज्यादै महत्वपूर्ण भएको पाइयो । शिक्षण सुधार योजना तयार गरेर गरिएको क्रियाकलाप उचित हो र यसले योजनाबद्ध शिक्षण, उद्देश्यपूर्ण शिक्षण र परिणाममुखी शिक्षण गर्ने भएकोले उचित योजना रहेको प्र.अ.हरुबाट पाइयो ।

शिक्षण सुधार योजनाले विद्यार्थीको हकमा शैक्षिक गुणस्तर सुधार गर्न, विद्यार्थीको स्तर र मनोविज्ञानलाई बुझि प्रभावपूर्ण बनाउन विद्यार्थीको सिकाइप्रति रुचि जगाउन, विद्यार्थीहरुलाई सिकाई क्रियाकलापमा सक्रिय सहभागी बनाउन, विद्यार्थीहरुले सिकाई क्रियाकलाप उपलब्धि वृद्धि गर्न उत्प्रेरणा जगाउन र विद्यार्थीहरुको क्रियाकलाप गराउन शिक्षण सुधार योजनाको निर्माण अपरिहार्य आवश्यकता भएको तथ्याङ्कबाट पाइयो । प्र.अ.हरुको दृष्टिकोणमा शिक्षण सुधार योजनाको निर्माण विना गरिएको शिक्षण गन्तव्यहीन, उद्देश्यहीन र असफल कार्य बन्न जाने भएकोले यसको निर्माण सहितको शिक्षण मात्र सफल हुने बताएका छन् ।

**(ख) शिक्षकहरुको सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था प्रतिको धारणाः**

सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना निर्माण गरेर शिक्षण गर्ने गरिएको कुरा प्रश्नावलीमा उल्लेख गर्दै शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्दा अपेक्षित लक्ष्यमा राखिएको सिकाई उपलब्धिमा केही सुधार आएको कुरा बताएका छन् भने केही शिक्षकहरुले जति अपेक्षित सुधार हुनुपर्ने त्यति नभएको कुरालाई

उल्लेख गरेका छन् । त्यस्तै योजना निर्माण गरी गरिएको शिक्षणले सुधार भएको पाइएको छ बताएका छन् ।

शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्दा शिक्षक र विद्यार्थीहरुलाई राम्रो सहयोग पुग्ने, अपेक्षित लक्ष्य हासिल गर्न सजिलो हुने, शैक्षिक गुणस्तर वृद्धि हुने उल्लेख गरेका छन् । त्यसैगरी यस योजना निर्माणले शिक्षकलाई पूर्व तयारीको अवसर मिल्छ भने विद्यार्थीहरुलाई क्रियाकलापमुखी बनाई गरेर सिक्ने अवसर दिने, विद्यार्थीहरुको सम्पूर्ण क्रियाकलाप थाहा हुने र सधै क्रियाशील रहने, विद्यार्थीहरुलाई आफू नियमित हुने बानीको विकास हुने तथा सिकाइ उपलब्धि वृद्धि हुने प्रतिक्रिया व्यक्त गरे । त्यस्तै केही शिक्षकहरुको दृष्टिकोणमा शिक्षण सुधार योजना निर्माणले सिकाइमा पाइएका कमजोरी घटाउन र निराकरण गर्न सहयोग पुग्ने, आफ्नो प्रयासको मूल्याङ्कन र सुधार गर्न सकिने जवाफ पाइयो । त्यस्तै गरी शिक्षण सुधार योजना निर्माण शैक्षिक नीति नै भएकोले शिक्षकलाई आवश्यक योजना तयार गर्न, प्रभावकारी शिक्षण गर्ने तथा विद्यार्थीलाई स्पष्ट ज्ञान हासिल गर्न र विषयवस्तु सजिलै बुझ्न सहयोग पुग्ने बताएका छन् । केही शिक्षकको जवाफ अनुसार यस योजना निर्माणले शिक्षण कार्य गन्तव्यमा पुऱ्याउन अल्मलिनु नपर्ने कुरा बताएका छन् ।

शिक्षकहरु र विद्यालयले शैक्षिक सुधार योजना निर्माण गरी शिक्षण गर्नुपर्दछ भन्दै शिक्षकहरुले आवधिक शिक्षण सुधार योजना तयार गरेर गरिएको शिक्षण क्रियाकलाप बढी उचित हुने र यसले एउटा निश्चित अवधिभित्रको अध्यापन गरी मूल्याङ्कन गर्न र सुधार गर्न सहज हुने कुरा बताउँछन् ।

आवधिक शिक्षण सुधार योजना तयार गरेर गरिएको शिक्षण क्रियाकलापले विद्यार्थीलाई पृष्ठपोषण दिने, विद्यार्थीको सक्रिय सहभागिता हुने, विषयवस्तुको ज्ञान स्पष्ट हुने, कक्षा शिक्षण नियन्त्रित हुने र शिक्षण विधि र शैक्षिक सामग्रीको सही प्रयोग हुने जवाफ पाइयो । योजनाबद्ध तरिकाले गरिएको शिक्षण क्रियाकलापले सीमा निर्धारण गर्ने भएकोले, विद्यार्थीहरु सिकाइप्रति आकर्षित हुने गर्दछन् । शिक्षकहरुको दृष्टिकोणमा सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजनाको निर्माणबाट अपेक्षित लक्ष्यमा भएको सुधारको अवस्थालाई वृत्तचित्रमा देखाएको छ ।

**तालिका नं. ४**


शिक्षण सुधार योजना निर्माणबाट अपेक्षित लक्ष्यमा भएको सुधारको अवस्था

| अपेक्षित लक्ष्य | प्रतिक्रिया दिने शिक्षक |
|---|---|
| सुधार भयो | १० |
| केही सुधार भयो | २१ |
| अपेक्षित सुधार पाइएन | ४ |

स्रोतः विद्यालय तथ्याङ्क फाराम, २०७०

**चित्र नं. ३**

शिक्षण सुधार योजना निर्माणबाट अपेक्षित लक्ष्यमा भएको सुधारको अवस्था




**(ग) स्रोत व्यक्तिको सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था प्रतिको धारणा**

शिक्षणमा सुधार ल्याइने उद्देश्यले माध्यमिक शिक्षा सहयोग कार्यक्रमले पनि शिक्षण सुधार योजनाका विषयहरु सिकाई वातावरण बनाइनुका साथै मा.वि. तहमा विद्यार्थीहरु व्यावसायिक र प्राविधिक तालिमको आवश्यकता महसुस गरी त्यसै अनुरुप शिक्षणमा सुधार गर्नुपर्ने उद्देश्यहरु राखेको छ । शिक्षकको पेसागत विकास तालिम अन्तर्गत तयार गरिने शिक्षण सुधार योजना मा.वि. तहका शिक्षकहरु लगायत सबै शिक्षकहरुले तयार गर्नुपर्ने हुन्छ । त्यसै अनुरुप शिक्षण सुधार योजनाको निर्माणको अवस्था बारे अन्तर्क्रिया कार्यक्रममा सामुदायिक विद्यालयका शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गरेको अवस्था बारे प्रश्न गर्दा अध्ययन क्षेत्रमा स्रोतव्यक्ति खेमचन्द्र सुवेदीले अधिकांश शिक्षकहरुले

शिक्षकको पेसागत विकास तालिम अन्तर्गत गर्नुपर्ने एक परियोजना कार्यका रुपमा शिक्षण सुधार योजनालाई सीमित गरेको अवस्था छ । ६/६ महिनामा तयार गरी त्यसै आधारमा शिक्षण गर्नुपर्ने सिद्धान्त भएतापनि त्यसलाइ कागजमा मात्र सीमित गरी विद्यालयको भित्ता मात्र सजाइएको अवस्था देखिन्छ भन्ने प्रतिक्रिया पाइयो । यसबाट के पाइयो भने शिक्षकहरुले शिक्षण योजना निर्माण त गर्ने तर त्यसका कार्यान्वयन पक्ष ज्यादै फितलो भएको अवस्था र सिकाई उपलब्धिमा सुधार नभएको भन्ने देखियो ।

शिक्षा मन्त्रालयले तीन वर्षे कार्यक्रमको प्रथम चरणमा शैक्षिक तालिम केन्द्रबाट जारी गरी जि.शि.का. मार्फत शिक्षकहरुबाट समस्याको विषयलाई शिक्षण सुधार योजना मार्फत माग गरिन्छ । पेशागत विकास तालिमको परियोजनाका रुपमा शिक्षण सुधार योजना निर्माण गर्नुपर्ने र शिक्षणलाई सुधार गर्न के के कार्यक्रमहरु ल्याइएका छन् ? भन्ने प्रश्नमा स्रोतव्यक्तिबाट प्रतिक्रियाका रुपमा शिक्षणलाई सुधार गर्न पेसागत विकास तालिम, सेवाकालीन शिक्षक तालिम, निरन्तर विद्यार्थी मूल्याङ्कन, वार्षिक कार्ययोजना, पाठनोटको व्यवस्था, शिक्षण सुधार योजना जस्ता कार्यक्रम ल्याइएको प्रतिक्रिया पाइयो ।

शिक्षण सुधार योजना शिक्षण पेशाकर्मीका लागि सही गन्तव्यमा पुऱ्याउने मार्गचित्र हो । यसले आफूले चाहेको उद्देश्य प्राप्ति गर्न सहज मात्र हैन, विद्यार्थीहरुको सिकाई उपलब्धि बढाउन र उनीहरुलाई पढाइप्रति आकर्षित गर्ने प्रमुख योजना हो । स्रोतव्यक्तिसँग शिक्षण सुधार योजनाका निर्माणको अवस्था बारे गरिएको अन्तर्वार्ताका क्रममा शिक्षण सुधार योजना पेसागत विकास तालिम अन्तर्गतको परियोजना कार्य हो र यसले शैक्षिक गुणस्तर वृद्धि गर्न सबै पक्षलाई मार्ग दर्शन गर्दछ भन्ने प्रतिक्रिया पाइयो ।

### (घ) वि.व्य.स.का अध्यक्षहरुको सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था प्रतिको धारणाः

शिक्षा नियमावलीले विद्यालयको सर्वपक्षीय रेखदेख, व्यवस्थापन गर्न वि.व्य.स.लाई जिम्मेवारी दिइएको अवस्थामा छनौटमा परेका अध्ययन क्षेत्रका विद्यालय व्य.स. अध्यक्षहरुबाट आफ्नो विद्यालयमा शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्ने गर्नुभएको अवस्था बारे अन्तर्वार्ताका क्रममा विद्यालयका शिक्षकहरुले नियमित शिक्षण सुधार योजना गर्नु भएको पाइएको छैन भन्ने प्रतिक्रिया पाइयो भने कसैले नगण्य मात्रामा शिक्षण सुधार योजना निर्माण गर्नुभएको अवस्था छ भन्ने जवाफ पाइयो । वि.व्य.स.

अध्यक्षहरुलाई विद्यालयको शिक्षकहरुले गर्ने परियोजना कार्यका रुपमा रहेको शिक्षण सुधार योजना धेरैजसो शिक्षकहरुले निर्माण गर्ने गर्नुभएको तर कार्यान्वयनको अवस्था प्रभावकारी नभएको र विद्यार्थीहरुको सिकाई उपलब्धि न्यून रहेको, सुधार खासै नभएको भन्ने जवाफ पाइयो ।

एक अर्को प्रश्नको जवाफमा विद्यालयको शैक्षिक गुणस्तर कायम राख्न शिक्षकहरुलाई शिक्षकको पेसागत तालिम अन्तर्गत परियोजना कार्यको रुपमा रहेको शिक्षण सुधार योजना निर्माणले मात्र अपेक्षित लक्ष्य हासिल गर्न सकिदैन त्यसको लागि विभिन्न शिक्षा सुधार योजनाहरु ल्याउनुपर्ने ती सुधार योजनाहरु निर्माण र कार्यान्वयन अनिवार्य रुपमा गराउनुपर्ने र शिक्षण सुधार योजना निर्माण नगरि शिक्षण गर्ने शिक्षकलाई पनि अनिवार्य वार्षिक योजना निर्माण गरी गर्नुपर्ने जवाफ पाईयो ।

यसरी सामुदायिक विद्यालयका प्र.अ. र शिक्षकहरुले शिक्षण सुधार योजना निर्माणको अवस्थाबारे प्रायजसो सबैले निर्माण गरी शिक्षण गरेको अवस्था पाईयो । जस अनुसार नियमित ३० जना शिक्षक र प्र.अ. समेतले योजना निर्माण गरेको पाईयो भने ५ जना शिक्षकले कहिले काही योजना निर्माण गरी गर्ने गरेको पाईयो । स्रोत केन्द्रका स्रोत व्यक्तिले पनि विद्यालयमा योजना निर्माण गरेर शिक्षण गर्ने गरेको तर व्यवहारिक रुपमा कार्यान्वयन गर्न कठिन भएको देखिन्छ । वि.व्य.स.का अध्यक्षहरुबाट पनि निर्माण भएको अवस्था तर उपलब्धि न्यून रहेको पाईन्छ । शिक्षण सुधार योजनाले कस्तो प्रतिफल पाईयो भने सन्दर्भमा शिक्षकहरुमध्ये १० जना शिक्षक र ५ प्र.अ. गरी १५ जनाले सुधार गरेको, २१ जना शिक्षकले केही सुधार भएको र ४ जना शिक्षकले अपेक्षित सुधार नभएको अवस्था देखिन्छ भन्ने प्रतिक्रिया आयो ।

### ४.१.२ सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रिया प्रतिको धारणाको विश्लेषण

नेपालको शैक्षिक इतिहासमा विद्यालयीय शिक्षाको शुरुवात राणाकालमा दरबार हाईस्कूलको नाममा शुरुवात भयो । त्यस बेला राणाका छोराछोरीहरुको लागि खुला गरिएको दरबार हाईस्कूलमा पछि सर्वसाधारणका छोराछोरीले पनि पढ्न पाउने भए । त्यसै समयमा पनि दक्ष र निपुर्ण शिक्षकलाई विदेशबाट ल्याएर कक्षा लिने व्यवस्था गरिएको थियो र पछाडि शैक्षिक कक्षामा दक्षता हासिल गराउन केही व्यक्तिहरुलाई तालिम लिन विदेश

पठाइएको थियो । यी सबै शैक्षिक गुणस्तरलाई मध्यनजर गर्दै गरिएका पहलहरु थिए र सर्वप्रथम गुणस्तरीय र भरपर्दो शिक्षा विकासका लागि वि.सं. २०११ सालमा शिक्षकहरुलाई तालिमको शुरुवात गरियो । त्यसबेलादेखि वर्तमानसम्म शिक्षण सुधार गर्न विभिन्न प्रयासहरु भएका छन् । वर्तमान समयमा आइपुग्दा शिक्षण पेशाकर्मीहरुले शिक्षण सुधार योजनाको निर्माण गरी त्यसको कार्यान्वयन पक्षलाई जोड दिइएको पाइन्छ ।

सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार गर्न के कस्ता योजनाहरु बनाइएका छन् र ती योजनाहरुलाई कार्यान्वयन पक्ष कस्तो छ भन्ने अध्ययनको सिलसिलामा शैक्षिक निकायदेखि विद्यालय तहसम्म शिक्षण सुधार गर्न विभिन्न शिक्षण सुधार योजना निर्माण नभएका पनि होइनन् भइनै रहेका छन् । शिक्षकको पेसागत तालिम, विषयगत तालिम, सीपमूलक तालिम, गोष्ठी, सेमिनार, निरन्तर मूल्याङ्कन, अनुगमन, दण्ड, पुरस्कारको व्यवस्था जस्ता गतिविधिहरु शिक्षण सुधारका लागि नै भएका योजना प्रयासहरु हुन् ।

आजको एक्काइसौं शताब्दीमा शिक्षाको अवस्था अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्ने विश्वसनीय र भरपर्दो हुनुपर्दछ । त्यसैले विद्यालयीय तहमा मा.वि. स्तरमा शिक्षण सुधार योजनाको कार्यान्वयनको अवस्था कस्तो छ र यसको कार्यान्वयन प्रक्रियाको बारेमा अध्ययन गर्न खोजिएको छ ।

शिक्षण सुधार योजना कार्यक्रम शिक्षकको पेसागत विकास तालिमको तीन वर्षे कार्य योजनाभित्र पर्दछ । जसलाई तीन मोड्यूलमा तयार गरिएको छ । पहिलोमा ५ दिने शैक्षिक तालिम केन्द्र र ५ दिने सम्बन्धित विद्यालयमा गई सम्पन्न गर्नुपर्दछ । एक पटकको मोड्यूलमा १० दिनको तालिम दिइन्छ र तीन पटकमा ३० दिन तालिम सम्पन्न गर्नुपर्दछ ।

### (क) प्र.अ.हरुको सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रिया प्रतिको धारणा

सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रियाको बारेमा धारणा बुझ्न नमूना छनौटमा परेका विद्यालयहरुका प्र.अ.हरुसँग विविध प्रश्नोत्तर प्रश्नावली प्रयोग गरी धारणा बुझ्ने काम गरियो । प्र.अ.हरुको धारणा अनुसार शिक्षण सुधार योजनालाई विद्यालयमा कार्यान्वयन गर्ने गरिएको र त्यसरी कार्यान्वयन गर्दा पेसागत विकास तालिमको परियोजना कार्यको रुपमा शिक्षण सुधार योजना तथा शैक्षिक

गुणस्तर वृद्धि गर्न अन्य सुधार योजनाहरुमा निर्माण गरी कार्यान्वयन गर्ने गरिएको पाईयो । कार्यान्वयन प्रक्रियामा विषयगत पाठनोटको निर्माण गरी गर्ने गरिएको विषयवस्तु र सुधार योजना मुताबिक विद्यार्थी केन्द्रित विधिलाई बढी जोड दिइएको र शिक्षण विषयवस्तु र विधि अनुसार शैक्षिक सामग्रीको प्रयोग गर्ने गरिएको तर यसको प्रयोग कम मात्रामा भएको कुरा जवाफमा पाइयो ।

त्यसैगरी शिक्षण सुधारका लागि विषयवस्तु सुहाउदो सन्दर्भ सामग्रीहरुलाई प्रयोग गरी गर्ने र श्रव्यदृश्य, दूरशिक्षा, प्रोजेक्टर शैक्षिक सामग्रीलाई कहिलेकाही कार्यान्वयन गर्न गरेको अवस्था प्रश्नावलीको प्रतिक्रियामा पाइयो । त्यस्तै आवधिक शिक्षण सुधार योजना शिक्षकको पेसागत विकास तालिममा एक मोड्यूलमा १० दिनको तालिम दिईने र तीन पटकमा ३० दिनको तालिम सम्पन्न गरिसक्नुपर्ने बताए । एक मोड्यूलमा दिइने तालिम ५ दिनको हुने जसमा आफू कार्यरत विद्यालयमा गई २ वटा परियोजना कार्य र शिक्षण सुधार योजना निर्माण गराई शिक्षण गर्नुपर्ने कुरामा जोडदिए । प्र.अ.हरुसँग अन्तर्क्रिया कार्यक्रम गरी शिक्षण सुधार योजनाको बारे धारणा बुझ्न खोज्दा दोस्रो खण्ड स्व-अध्ययन २०-३० दिनको हुने, तेस्रो खण्डमा शैक्षिक परामर्श २ दिनको हुने कार्यरत विद्यालयमा गई शिक्षकले तालिम कार्यशाला अनुसार कार्य गर्नुपर्ने कुरा बताए ।

अन्तर्वार्ताकै क्रममा शिक्षण सुधार योजना कार्यान्वयनको प्रक्रियालाई अगाडी बढाउने सन्दर्भमा शिक्षण सुधार गर्न प्रभावकारी शिक्षणका लागि सम्बन्धित निकायसँग परामर्श लिने गर्नुभएको छ ? भन्ने प्रश्नको जवाफमा समय समयमा परामर्श गर्ने गरेका छौ तर पर्याप्त र प्रभावकारी रुपमा हुन नसकेको कुरालाई स्वीकारे साथै आवश्यक समयमा परामर्श लिन नसकिएको बताए । स्रोतव्यक्ति र प्रशिक्षकसँग सम्पर्क गरी शैक्षिक परामर्श गर्दा बुझ्न र बुझाउन, समस्या परेका विषयमा र निर्माण गर्ने कुरामा देखा परेका अप्ठ्याराहरुमा परामर्श गर्ने गरेका छौ भन्ने जवाफ पाइयो ।

शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रियाको सन्दर्भमा अझै बुझ्न खोज्दा प्र.अ.हरुबाट शिक्षण सुधार योजनामा आफ्नो शिक्षण गर्नुपर्ने विषयको मौजुदा लक्ष्य र अपेक्षित लक्ष्य उल्लेख गरी ती लक्ष्यहरु पूरा गर्न के कस्ता क्रियाकलापहरु अपनाइन्छन् र ती क्रियाकलापहरु प्रभावकारी रुपमा गर्न स्रोतव्यक्ति, प्रशिक्षकसँग परामर्श गर्ने र उपयुक्त शिक्षण विधि शिक्षण सामग्री र विषयगत पाठनोटको प्रयोग गर्ने गरेको बताए ।

शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रियामा पाठनोटको निर्माण गर्ने गरिएको विषयवस्तु अनुसार शिक्षण विधिहरु प्रयोग गरेको, स्थानिय शैक्षिक सामग्रीको प्रयोग र प्रदर्शन गर्ने गरेको, श्रव्यदृश्य र मूद्रित सन्दर्भसामग्रीको प्रयोग गर्ने गरेको, मूल्याङ्कन प्रक्रिया अपनाइने गरेको र शिक्षण सुधार योजना अवधि सहित सिकाई उपलब्धिको मौजूदा स्थिति र अपेक्षित लक्ष्य र ती लक्ष्यहरु प्राप्त गर्न अभ्यासमुखी क्रियाकलाप र समस्या समाधान तथा पाठनोटको निरन्तरता, शैक्षणिक योजना निर्माण गरी गर्ने गरेको बताए ।

**(ख) शिक्षकहरुको सामुदायिक विद्यालयकोमाध्यमिक तहमा शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रिया प्रतिको धारणाः**

अध्ययन क्षेत्र छनौटमा परेका विद्यालयका शिक्षकहरुलाई शिक्षण सुधार योजनाको कार्यान्वयनको बारे सामुदायिक विद्यालयको मा.वि. तहको शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रियाको बारेमा शिक्षकहरुको धारणा बुझ्न् प्रश्नावली प्रयोग गरी गरिएको थियो । मा.वि. तहमा अध्यापनरत शिक्षकहरुले शिक्षण योजना तयार गरी त्यसमा योजना अवधि तोकिए बमोजिम मौजुदा स्थिति उल्लेख र अपेक्षित लक्ष्य उल्लेख गरी अध्यापनरत विषयहरुको सिकाई उपलब्धि बढाउन शैक्षिक क्रियाकलाप गर्ने गरेको जवाफ पाइयो । ती लक्ष्यहरु वृद्धि गर्न कक्षा कार्यमा सहभागीता बढाउने, गृहकार्यमा निरन्तर दिने, एकाइ परीक्षा गर्ने, शैक्षिक सामग्रीको प्रयोगमा जोड दिने, प्रयोगात्मक र परियोजना कार्य गराएर गर्ने गरेको पाइयो । त्यसैगरी स्रोतव्यक्ति र प्रशिक्षकसँग शैक्षणिक परामर्श गरी गर्ने नतिजा विश्लेषणलाई पृष्ठपोषणको रुपमा प्रयोग गर्ने, प्रयोगशाला, उपयुक्त शिक्षण विधि र सामग्रीको प्रयोग गरी कार्यान्वयन गर्ने गरेको पाईयो । शिक्षण सुधार योजना कार्यान्वयन गर्ने सन्दर्भमा विद्यालय प्रशासनसँग समय समयमा परामर्श गर्ने, वि.व्य.स., अभिभावक संघ, समूदाय, अभिभावकहरुसँग गोष्ठी गरी परामर्श लिने गर्ने गरेको पाइयो । विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्तर वृद्धि गर्न परीक्षामा प्राप्त गरेको अङ्कलाई आधार मानी कार्यान्वयन प्रक्रियालाई अगाडी बढाइएको पाईयो । यसैगरी विद्यार्थीहरुको स्तर वृद्धिका लागि परीक्षाको नतिजा भएपश्चात उपयुक्त समयमा समीक्षा बैठक बसेर विषय शिक्षक, अभिभावक, प्र.अ., वि.व्य.स.संग आवश्यक छलफल गरी निष्कर्षलाई भविष्यमा प्रयोग गरी विश्लेषण गर्ने गरेको अवस्था पाइयो ।

शिक्षण सुधारका लागि कस्तो सन्दर्भ सामग्रीहरुको प्रयोग गर्नुपर्ला ?भन्ने प्रश्नको जवाफमा पत्रपत्रिका, पुराना प्रश्नपत्र, शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठसँग सम्बन्धित पाठ्यसामग्रीहरुको प्रयोग गरी कार्यान्वयन गर्ने गरेको देखिन्छ ।

त्यसैगरी शिक्षकहरुलाई शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रियाको एक अर्को प्रश्न विषयगत पाठनोटलाई कत्तिको ध्यान दिनुभएको अवस्था छ? र सुचना तथा सञ्चार प्रविधिलाई कसरी प्रयोगमा ल्याउने गर्नुभएको छ ?भन्ने प्रश्नमा प्रायजसो पाठनोट तयारी गरेर गर्ने गरेको र मोबाइल इन्टरनेट, प्रोजेक्टर र कम्प्यूटरको प्रयोग गरेर शिक्षण गर्ने गरेको अवस्था पाइयो । शिक्षण सिकाई क्रियाकलापलाई उद्देश्यमुखी बनाउन कुनै एक पक्षको प्रयासले मात्र सम्भव छैन । शिक्षकहरुले योजना कार्यान्वयन गर्न मुख्य भुमिका खेल्ने भएकोले अवलोकन, गृहकार्य, प्रश्नोत्तर, मूल्याङ्कन, अतिरिक्त क्रियाकलाप, हाजिरी, प्रश्न, परियोजना कार्य, एकाई परीक्षा, छलफल कार्यक्रम गरी गरिएको प्रश्नावलीबाट देखिन्छ ।

### (ग) स्रोतव्यक्तिको सामुदायिक विद्यालयकोमाध्यमिक तहमा शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रिया प्रतिको धारणाः

शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रियाको अवस्था बारे धारणा बुझ्न छनौटमा परेका विद्यालय क्षेत्रका स्रोत केन्द्रका स्रोतव्यक्ति खेमचन्द्र सुवेदीसँग अन्तर्क्रिया कार्यक्रम गरियो । जसबाट योजना कार्यान्वयनका सन्दर्भमा गरिएको प्रश्न योजना सुधारका कार्यान्वयनका लागि कुन कुन प्रक्रियाहरु अपनाइएका छन् ?भन्ने प्रश्नमा तालिममा प्राप्त नवीन ज्ञान र सीपलाई कक्षाकोठाभित्र नै पुऱ्याइएको पाइएन र केही शिक्षकहरुले आफ्नो पेसागत वास्तविक रुपमा कार्यान्वयन गरेको देखियो । योजनालाई भित्ता सजाउन मात्र प्रयोग गरेको देखिएको जवाफ आयो । शिक्षणलाई सुधार गर्न पेसागत विकास तालिम, सेवाकालीन शिक्षक तालिम, निरन्तर विद्यार्थी मूल्याङ्कन, वार्षिक कार्ययोजना र पाठनोटको व्यवस्था गरी ल्याएको अवस्था छ ।

शिक्षण सुधार योजना मात्र निर्माण गरेर हुदैन, त्यसलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । योजनामा भएका विषयहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन न्यून देखिन्छ किनकि कार्यान्वयनको व्यवहारिक कसी भनेको विद्यार्थीहरुको सिकाई उपलब्धिमा क्रमिक वृद्धि हो जुन दिनानुदिन खस्किएको देखिन्छ भन्ने जवाफ स्रोतव्यक्तिबाट पाईयो ।

**(घ) वि.व्य.स.का अध्यक्षहरुको सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रियाप्रतिको धारणाः**

विद्यालय शैक्षिक क्रियाकलापको मुख्य थलो हो । राष्ट्रको जनशक्ति उत्पाद गर्ने मुख्य निकास हो । विद्यालयलाई अगाडी बढाउन वि.व्य.स.का अध्यक्षहरुको भूमिका महत्वपूर्ण हुन्छ । यहाँ वि.व्य.स.को अध्यक्षहरुलाई शिक्षण सुधार योजना कार्यान्वयनको प्रक्रिया सम्बन्धि अन्तरक्रिया कार्यक्रम गरिएको र शिक्षण सुधार योजना कार्यान्वयन कसरी भएको छ भन्ने प्रश्नमा पब्लिक उ.मा.वि. फुस्रेका अध्यक्ष पदम विसुङ्खेबाट नियमित दैनिक पाठनोट र शैक्षणिक योजना निर्माण गरेर शिक्षण गर्नुपर्ने हो, त्यो गरेको देखिएन, योजना मुताविक परामर्श गोष्ठीहरु वि.व्य.स.को बैठकमा छलफल गर्दा पनि व्यवहारमा नल्याएको अवस्था देखिन्छ भन्ने प्रतिक्रिया पाइयो ।

शैक्षणिक गुणस्तर वृद्धि गर्ने कार्यलाई वेवास्ता गर्नु राम्रो नभएको बताउदै अध्यक्ष पदम विसुङ्खे बताउनुहुन्छ योजना कागजमा मात्र सीमित भएर भएन, त्यसमा भएका राम्रा विषयहरुलाई सबै पक्षबाट कार्यान्वयन गर्नुपर्यो, त्यसमा पनि शिक्षक नै शिक्षण सिकाई क्रियाकलापको मुख्य व्यक्ति भएकोले जिम्मेवारी र पूर्ण तरिकाबाट योजनाको कार्यान्वयनमा ध्यान दिनुपर्ने कुरालाई जोड दिदै तालिममा सिकेको कुराहरुलाई कक्षाकोठामा व्यवहारिक रुपमा उतार्नुपर्ने कुरामा विशेष जोड दिनुभयो ।

शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रियाबारे शिक्षा निकेतन उच्च मा.वि.का अध्यक्ष विजय श्रेष्ठले योजना कार्यान्वयनप्रति धारणा राख्दै शिक्षण सुधारका लागि शिक्षक, प्र.अ., विद्यालयहरुले आफ्नै तरिकाबाट गर्ने गरेको भएतापनि जति हुनुपर्ने त्यो अवस्था नरहेको भन्ने जवाफ थियो । योजना कार्यान्वयन गर्न शैक्षिक योजना, शैक्षणिक योजना, पाठनोट, उपलब्धि परीक्षण, रुजुसूची जस्ता विषयहरु निर्माण गर्नु भनी शिक्षकहरुलाई निर्देशन दिने गरेको र अनुगमनमा क्रममा माग गर्दा खासै निर्माण नगरेको अवस्था देखिन आएको छ । शिक्षण सुधार योजनामा राखिएका लक्ष्यहरुलाई पूरा गर्न त्यसमा उल्लेखित क्रियाकलापहरु, स्रोतव्यक्ति प्रशिक्षकहरुसँग समय समयमा परामर्श गोष्ठी सञ्चालन हुनुपर्ने हुन्छ त्यो न्यून देखिएको जवाफ पाइयो । परीक्षाको परीक्षाफल प्रकाशित गरी त्यसको मार्कसीट अभिभावकको हातमा पुऱ्याउनुपर्ने व्यवस्था कमै देखियो र यस विद्यालयमा अनिवार्य मार्कसिटको व्यवस्था गरी अभिभावकको हातमा पुऱ्याउने व्यवस्था गरिएको धारणा व्यक्त गर्नुभयो । शिक्षण सुधारका लागि सूचना र सञ्चार प्रविधिलाई व्यवस्थित तरिकाबाट

गरिएको र यसलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने गरेको र गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रियाको अवस्थाको धारणा लिने क्रममा पञ्चायत उ.मा.वि.का वि.व्य.स.का अध्यक्ष भद्रसिंह राईले योजना कार्यान्वयन गर्न शिक्षकले भूमिका खेल्नुपर्ने हुन्छ र समितिले यसको पूर्ण कार्यान्वयन गर्ने विषयमा निर्देशन दिएको हुन्छ । शिक्षकको पेसागत विकास तालिम लिए पश्चात् शिक्षण सुधार योजना निर्माण गर्ने गरेको तर व्यवहारिक रुपमा विद्यालयमा कार्यान्वयन पक्ष फितलो भएको कुरालाई स्वीकार गर्नुभयो । अध्यक्षको प्रतिक्रिया थियो शिक्षण सुधार गर्न राज्यले व्यापक खर्च गर्ने गरेको तर त्यसको कार्यान्वयन गर्ने निकायहरुको लापरवाहीले परिणाममुखी नतिजा दिन नसकेको अवस्थाले शिक्षा क्षेत्रमा विकृति भएको कुरा देखियो । शिक्षण सुधार गर्न हाल विद्यालयले शिक्षकहरुलाई तालिममा पठाउने, विद्यालयमा अतिरिक्त क्रियाकलाप गर्ने, निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाउने, परीक्षाहरुलाई मर्यादित बनाउने प्रयास भएको, परीक्षाफल प्रकाशित गर्दा अभिभावकलाई अनिवार्य उपस्थित गराउने गरेको, गोष्ठी गर्ने गरेको शिक्षक विद्यार्थी, अभिभावक बीच अन्तर्क्रिया गरी समाधान गर्ने प्रयास गर्ने गरेको पाइयो ।

योजना कार्यान्वयनको अवस्था कस्तो छ ?भनी प्रश्न गर्दा ल्याबोरेटरी उच्च मा.वि.का अध्यक्ष हरी वि.क.ले विद्यालयमा हालको अवस्थामा राम्रो कार्यक्रमहरु ल्याई कार्यान्वयन गर्ने गरेकोले कार्यान्वयन प्रक्रिया सकारात्मक नै देखिएको प्रतिक्रिया दिनुभयो । उहाँको जोड थियो अहिलेको केही रोग यस विद्यालयमा पनि नभएको त होइन तर अरु विद्यालयको दाँजोमा कार्यान्वयन राम्रै छ । शिक्षण सुधार योजनालाई कार्यान्वयन गर्न विद्यालयले वार्षिक क्यालेण्डर बनाई त्यसको कार्यान्वयन गर्ने गरेको, निरन्तर मूल्याङ्कन प्रणाली अपनाउने गरेको रुजु सूची प्रयोग गर्ने गरेको, शिक्षक, वि.व्य.स., अभिभावक र सरोकार निकाय बीच अन्तर्क्रिया गर्ने गरेको पाइयो । विद्यालयले वर्तमान समयमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न र निजी विद्यालयसँगको प्रतिस्पर्धाका लागि अंग्रेजी पुस्तकको व्यवस्था गरी निःशुल्क वितरण समेत गर्ने गरेको रहेको छ ।

त्यसै गरी शिक्षण सुधार योजना कार्यान्वयन पक्ष बारे हिमाली मा.वि.का अध्यक्ष निरमाया राईले शिक्षण सुधार योजनाको कार्यान्वयन शिक्षकलाई पेसागत विकास तालिममा पठाई योजना निर्माण गर्ने र सिकाई उपलब्धिको मौजुदा अवस्था र त्यसको अपेक्षित लक्ष्य उल्लेख गरी त्यसको उपलब्धिका लागि गरिने क्रियाकलापहरुको योजना बनाई गर्ने गरेको

अवस्था रहेको पाइयो । त्यस्तै परीक्षामा कमजोर विद्यार्थीहरुलाई कोचिङ अनिवार्य, गरिब विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था, शैक्षिक क्यालेण्डरको व्यवस्था, पाठनोट निर्माण र प्रयोग गरी कार्यान्वयन गरेको पाइयो ।

समग्रमा सामुदायिक विद्यालयहरुको मा.वि. तहमा शिक्षण सुधार योजना कार्यान्वयनको अवस्था प्रतिको धारणामा योजना निर्माण गरी शिक्षण गरेको र कार्यान्वयन नियमित पाठनोट, शैक्षणिक योजना, वार्षिक क्यालेण्डर, निरन्तर मूल्याङ्कन प्रणाली, उपयुक्त शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग, तालिमको व्यवस्था, आवधिक योजना, मौजुदा लक्ष्य र अपेक्षित लक्ष्य उल्लेख गरी अपेक्षित लक्ष्य प्राप्त गर्न क्रियाकलापहरु उल्लेख गरी गर्ने गरेको, अभिभावकहरुसँग अन्तर्क्रिया र शिक्षक अभिभावकसँग परामर्श गरी कार्यान्वयन गरेको देखियो । स्रोत व्यक्तिबाट र वि.व्य.स.बाट कार्यान्वयन पक्ष न्यून रहेको भन्ने देखिन्छ ।

### ४.१.३ सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान एवं सुधार सम्बन्धी विश्लेषणः

सामुदायिक विद्यालयसँग सम्बन्धित व्यक्तिहरु जसले शिक्षण सुधार प्रति प्रत्यक्ष र महत्वपूर्ण भुमिका खेल्ने गर्दछन् उनीहरुलाई प्र.अ., शिक्षक, स्रोतव्यक्ति र वि.व्य.समिति अध्यक्षहरुलाई शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरु के के हुन सक्दछन् भन्ने विषयमा चासो राखिएको थियो र उनीहरुले शिक्षण सुधार योजना निर्माण गरेर मात्र हुँदैन त्यसको कार्यान्वयन प्रमुख पक्ष हो भन्ने प्रतिक्रिया दिए । वास्तवमा शिक्षण योजनाको कार्यान्वयनमा के कस्ता समस्याहरु देखिएका छन् ? र ती समस्याहरुको पहिचान गर्नुपर्ने आवश्यकता बारे धारणा राखेका छन्, ती समस्याका पहिचानहरुको विश्लेषण तल गरिएको छ ।

#### (क) प्र.अ.हरुको सामुदायिक विद्यालयको माध्यमिकतहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान एवं सुधार सम्बन्धी धारणाः

अध्ययन क्षेत्रका छनौटमा परेका विद्यालयका प्र.अ.हरुलाई यस विषयमा धारणा राख्न प्रश्नावली प्रयोग गरिएको थियो । ल्याबोरेटरी उ.मा.वि.का प्र.अ.ले शिक्षण सुधार योजना कार्यान्वयनमा खासै समस्या नभएको प्रतिक्रिया दिन्छन् र समस्याको रुपमा सम्बन्धित निकायबाट अनुगमनमा कमी, विद्यार्थीहरुमा पढाइप्रति रुची कम, अभिभावकहरुको

विद्यार्थीलाई मोनिटरीङ नगर्ने मनोवृत्ति र गृहकार्य नगर्ने प्रवृत्ति रहेको प्रतिक्रिया दिन्छन् । ल्याबोरेटरी उ.मा.वि.का प्र.अ.ले यस समस्याको समाधानका लागि सम्बन्धित निकायबाट अनुगमन गर्नुपर्ने, विद्यार्थीहरुको रुची र चाहाना अनुसार शिक्षण गरिनुपर्ने, अभिभावकहरुले आफ्ना विद्यार्थीहरुलाई मोनिटरीङ गर्नुपर्ने बताए ।

त्यस्तै छनौटमा परेको अर्को विद्यालय पब्लिक उच्च मा.वि.का प्र.अ.सँग शिक्षण सुधार योजनाको कार्यान्वयनको समस्या प्रतिको प्रतिक्रिया थियो शिक्षण सुधार योजना निर्माण र कार्यान्वयनको लागि गरेको कामको सही मूल्याङ्कन गर्ने परम्परा नहुनु, विद्यार्थीहरुको नियमित उपस्थित नहुनु, विद्यालयमा हुने विदाहरु र मूल्याङ्कन परिपाटीमा सुधार नआउनु नै शिक्षण सुधार योजनाको कार्यान्वयनमा देखिएका समस्याहरु हुन भन्ने प्रतिक्रिया दिए । पब्लिक उ.मा.वि.का प्र.अ.ले शिक्षकको कामको आधारमा सही मूल्याङ्कन गरिनुपर्ने, विद्यार्थीहरु नियमित विद्यालयमा उपस्थित हुनुपर्ने, अनुगमन गर्नुपर्ने जस्ता समाधानका उपायहरु बताए ।

सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएको समस्या बारे धारणा राख्दै पञ्चायत उ.मा.वि.का प्र.अ.ले विद्यार्थीको उपस्थित नियमित नहुनु, पर्याप्त समय अवधि नभएको, नतिजा विश्लेषण र त्यसको प्रयोग नभएको, आवधिक र एकाई परीक्षा सञ्चालनमा कठिनाई रहेको, शैक्षिक सामग्री पर्याप्त नभएको र स्रोतकेन्द्र स्तरीय कार्यक्रम योजनामा बाँधिनुपर्ने बाध्यता भएकोले कार्यान्वयन गर्न समस्या देखिएको प्रतिक्रिया आयो । नतिजा विश्लेषण र त्यसको प्रयोग गरिनुपर्ने, बताउदै पञ्चायत उ.मा.वि.का प्र.अ.ले विद्यार्थीहरु नियमित उपस्थित हुनुपर्ने, शैक्षिक सामग्री पर्याप्त हुनुपर्ने जस्ता समाधानका उपाय बताए ।

शिक्षण सुधार योजना कार्यान्वयनमा समस्या भएको भए के कारणले समस्या भएको होला भन्ने प्रश्नको जवाफमा शिक्षण सुधार योजना कार्यान्वयनमा त्यस्तो कुनै समस्या नरहेको बताउदै शिक्षा निकेतन उच्च मा.वि.का प्र.अ.ले शिक्षण सुधार गर्न तपाईलाई कुनै प्रकारको कठिन भएको भए कस्तो प्रकारको समस्या देखिएको अवस्था छ भन्ने प्रश्नमा कुनै समस्या नभएको प्रतिक्रिया पाइयो ।

अभिभावकहरुको पूर्ण रुपमा सहयोग नमिलेको पढ्ने र पढाउने प्रवृत्ति बदल्न गाह्रो हुने जवाफ शिक्षण सुधार योजना निर्माण र कार्यान्वयनमा केही समस्या भएको भए के कारणले समस्या भएको होला भन्ने प्रश्नको जवाफ दिदै हिमाली मा.वि.का प्र.अ.ले समयमा

अनुगमन, छलफल, गोष्ठी, अन्तर्क्रिया र विचार विमर्श नहुनाले शिक्षण सुधार योजनामा कार्यान्वयनमा समस्या हुने गरेको स्वीकार गर्नुभयो । हिमाली मा.वि.का प्र.अ.ले समस्याको समाधानको लागि अनुगमन, छलफल, गोष्ठी, अन्तर्क्रिया र विचार विमर्श गरिनुपर्ने जवाफ पाइयो ।

**(ख) शिक्षकहरुको सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान एवंसुधार सम्बन्धी धारणाः**

शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरु के के हुन सक्छन् ? भन्ने प्रश्नको उत्तरमा ल्याबोरेटरी उच्च मा.वि.का शिक्षकहरु शिक्षण सुधार योजना त सधैंभरी हुन्छ तर अनुगमन पक्ष फितलो हुने भएकोले गृहकार्य नगर्ने, गरेपनि साथीभाईको हुबहु सारेर देखाउने प्रकृति, विद्यार्थी बढी गयल हुनु, टिफिनपछि विद्यार्थी विद्यालय छाडेर जानु, पाठ्यपुस्तकको कमी र हिफाजत गर्ने बानी नहुनु कार्यान्वयन प्रक्रियाको समस्या बताउछन्। त्यस्तै केही शिक्षकहरु समस्या नै नभएको बताउछन् भने कोही समयको व्यवस्थापन गर्नु अलिक गाह्रो हुने, प्रोक्सी कक्षा बढी जानुपर्ने भएकोले, विद्यार्थीहरुको अभिभावकहरुको सामाजिक, शैक्षिक, आर्थिक अवस्था कमजोरीका कारण विद्यार्थीहरु समयमा शिक्षण क्रियाकलापमा सक्रिय सहभागिता जनाउन नसकेको कारणले शिक्षण सुधार योजना कार्यान्वयनमा समस्या भएको बताउँछन् । त्यस्तै केही शिक्षकहरु प्र.अ., स्रोतव्यक्ति, जि.शि.का., वि.नि.बाट सहयोग र अनुगमनको अभाव, बिरामीले औषधी नखाएर रोग निको नभएको अवस्था जस्तो भएको बताउँदछन् भने केही शिक्षक विद्यालयको स्रोत नहुनु, राजनीतिक दलको हड्तालले र चौमासिकमा मात्र तलब पाउनाले समस्या रहेको, विद्यार्थीसँग कापी, किताब, कलम र अन्य सामग्री नहुनु जस्ता समस्याहरु रहेको बताउदछन् ।

ल्याबोरेटी उ.मा.वि.का शिक्षकहरुले शिक्षण सुधार योजना कार्यान्वयनमा देखा परेका समाधानका उपायहरु बारे बताउदै प्रयोगात्मक र परियोजना कार्य गराएर शैक्षणिक योजना निर्माण गरेर, शैक्षिक क्यालेण्डर निर्माण गरेर सूचना प्रविधिलाई प्रयोग गर्ने, विद्यार्थीलाई आकर्षित गर्ने योजना निर्माण गर्ने, अनुगमन गर्नुपर्ने, शिक्षकलाई प्रोक्सी कक्षा नदिने, पाठ्यपुस्तक समयमा नै उपलब्ध गराउनुपर्ने जस्ता समाधानका उपायहरु बताउछन् ।

शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको धारणा दिदै पब्लिक उ.मा.वि. फुस्रेका शिक्षकहरु शैक्षिक सामग्रीको अभाव, एस.एल.सी. बोर्ड परीक्षाको नतिजा

शैक्षिक सत्रको तेस्रो महिनामा आउने तर शिक्षण सुधार योजना वैशाख महिनामा बनाउनुपर्ने, विद्यालयमा मूल्याङ्कनका सबै साधनहरु प्रयोग नहुनु आदि योजना कार्यान्वयनका समस्याहरु बताए । त्यस्तै कार्यान्वयनमा देखिएका अन्य समस्याहरुमा शिक्षण सुधार योजना बनाउन अल्छी गर्ने, तालिमको अभाव र उपयुक्त वातावरणको अभाव रहेको बताए । त्यस्तै विद्यालयको भौतिक सुविधा विहिन साँघुरो कक्षा कोठाका कारणले कार्यान्वयनमा कठिनाई भएको बताए ।

शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गरेपछि त्यसको समाधानका लागि कसरी गर्न सकिन्छ भन्ने प्रश्नको उत्तरमा पब्लिक उच्च मा.वि.का शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गर्न शिक्षकको घण्टी घटाउने या विद्यालय समय (८-४ बजे) बनाउनुपर्ने, विद्यालय भवन निर्माण गर्दा आवश्यक सम्पूर्ण पूर्वाधारको व्यवस्था गर्ने, शिक्षकलाई आधुनिक प्रविधिहरुको प्रयोग गर्न र गराउन सक्षम बनाउनुपर्ने समाधानका उपाय निकाल्नुपर्ने बताउदै विद्यार्थी, शिक्षक र अभिभावकको सहयोग हुनुपर्ने जवाफ दिए भने समयसापेक्ष तालिमको व्यवस्था गरेर नतिजा प्रकाशन पछि कमजोरी पत्ता लगाई तत्काल सुधार गरेर सहकर्मी शिक्षकहरुसँग सहकार्य गरेर, कार्यमूलक अनुसन्धान गरी र मूल्याङ्कनको उपयुक्त साधन प्रयोग गरी समाधान गर्न सकिन्छ ।

शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन गर्न समस्या भएको भए के समस्या होला ? भन्ने प्रश्नमा शिक्षा निकेतन उ.मा.वि.का शिक्षकहरुले आर्थिक अभावले, कार्यान्वयनमा कठिनाई, विद्यार्थी नियमित नआउनाले कार्यान्वयनमा समस्या भएको बताउदै, शैक्षिक साधनहरु विद्यार्थीहरुले नल्याउने र अनुगमनको अभाव भएकोले भन्ने जवाफ बताउदै त्यसको समाधानका लागि अभिभावक भेला बोलाउने, नतिजा विश्लेषण गरी सुधारमय प्रक्रिया अपनाउने विषयलाई जोड दिदै अरु केही नभएको तर्क पेश गरे ।

नमूना छनौटमा परेको विद्यालय पञ्चायत उ.मा.वि.मा शिक्षकहरुलाई भराएको प्रश्नावलीमा शिक्षण सुधार योजना कार्यान्वयनमा समस्याहरु के के होलान ? भन्ने जवाफमा जागरुकताको कमी, समाजिक, साँस्कृतिक, वातावरण उपयुक्त नभएको पठन संस्कृतिको ह्रास भएको उल्लेख गर्दै समय अभाव हुनुमा साथै तल्लो कक्षामा कमजोर विद्यार्थीहरुलाई कक्षोन्नति गर्ने प्रचलन भएकोले कार्यान्वयन पक्षमा समस्या देखिएको बताउछन् । त्यस्तै अनुगमनको कमी, पाठ्यपुस्तकको समयमा उपलब्धता नहुनु, व्यवहारिक शिक्षामा जोड नदिइनु, अभिभावकहरु सजग नहुनु, सरकारले ध्यान नदिनु जस्ता समस्याहरु

भएको उल्लेख गर्दै त्यसमा समाधानका लागि शैक्षणिक योजना बनाएर शिक्षण गर्नुपर्ने, पाठ्यक्रम, शिक्षक निर्देशिका उपलब्ध हुनुपर्ने, उपयुक्त शिक्षण विधि, शिक्षण सामग्रीको प्रयोग गरेर शिक्षण गर्ने, अभिभावकहरुलाई सजग बनाउने, परीक्षाफलको विश्लेषण गर्नुपर्ने जस्ता विषयहरु समाधानका उपायहरु छन् ।

विषयगत तालिम एक शैक्षिक सत्रमा परिवर्तन हुने भएकोले शिक्षण सुधार योजना निर्माण र अनुगमनको कमजोरी समस्याका रुपमा बताउदै हिमाली मा.वि.का शिक्षकहरु शिक्षण सुधार योजना समस्याका बारे आफ्नो धारणा भन्दै विद्यार्थीहरु गृहकार्य नगर्ने, शिक्षक अल्छी हुने, समयानुकुल पारिश्रमिकको व्यवस्था नहुनु कार्यान्वयनको समस्याका रुपमा बताए । त्यस्तै अनुगमनको कमी, राम्रो शिक्षकलाई प्रोत्साहन र लापरवाही गर्नेलाई कार्वाहीको प्रक्रिया नहुनु समस्याको रुपमा बताउदै विद्यालयमा राजनीतिक हस्तक्षेप र शिक्षक पदपूर्ति समयमा नहुनु समस्याको रुपमा रहेको बताए । यसरी शिक्षण सुधार योजना कार्यान्वयनको समस्याको समाधानमा पाठनोट तयार गरी गर्ने, स्थानिय र कम मूल्यका शैक्षिक सामग्रीको प्रयोग गरेर, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्ने राजनीतिक हस्तक्षेप हुन नदिने र नगर्ने जस्ता उपायहरुले समाधान हुन सक्ने कुरा बताए ।

**(ग) स्रोतव्यक्तिको सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान एवं सुधार सम्बन्धी धारणाः**

नमूना क्षेत्रको विद्यालयहरुको स्रोतकेन्द्रका स्रोतव्यक्ति खेमचन्द्र सुवेदी शिक्षण सुधार योजनामा देखिएका समस्याहरु र समाधानका बारे अन्तर्क्रिया कार्यक्रममा धारणा राख्दै तालिममा प्राप्त सीप र ज्ञानलाई सहकर्मी शिक्षक बीच शेयर नगर्नु, कक्षाकोठामा लगी प्रयोग नगर्नु, एकपटक निर्माण गरी जानकारीमा ल्याइएका शिक्षण सुधार योजनालाई अर्को पटक हेर्दै नहेर्नु र जिम्मेवारी बोध नहुनु कार्यान्वयनमा देखिएको समस्याहरु बताउदै यसको समाधानका लागि सर्वप्रथम शिक्षकले आफ्नो पदीय जिम्मेवारी पूरा गर्नुपर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कनमा ३६०$^{\circ}$ मूल्याङ्कन प्रणाली अपनाउनुपर्ने, विद्यार्थीहरुको वास्तविक सिकाई उपलब्धिसँग शिक्षकको वृत्ति विकासलाई जोड्नुपर्ने जस्ता समाधानका प्रयासहरु गर्नुपर्ने बताए ।

**(घ) वि.व्य.समितिका अध्यक्षहरुको माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान एवं सुधार सम्बन्धी धारणाः**

शिक्षण सुधार गर्न अनुगमन र निरीक्षण गर्ने निकाय वि.व्य.समिति पनि हो र यसले विद्यालयमा जिम्मेवारी लिएका व्यक्तिहरुले पदीय दायित्व निर्वाह गरेको वा नगरेको मूल्याङ्कन गर्नुपर्दछ । अध्ययन क्षेत्रमा विद्यालयहरुको वि.व्य. समितिका अध्यक्षहरुलाई अन्तर्क्रिया कार्यक्रम गरी शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुका बारे धारणा बुझ्दा पब्लिक उ.मा.वि.का अध्यक्ष पदम विसुङ्खेले योजना निर्माण र कार्यान्वयनमा त्यस्तो कुनै समस्या नभएका बताए भने समस्या भए सर्वप्रथम त मिलेर गरे सबैलाई केही समस्या नआउने तर योजना बनाएर कार्यान्वयन गरिएन भने समस्या आउन सक्ने बताए ।

ल्याबोरेटरी उ.मा.वि.का वि.व्य. समितिका अध्यक्ष हरि वि.क.लाई कार्यान्वयनमा देखिएका समस्याहरु बारे शिक्षकहरुको जिम्मेवारीको बोध नहुनु, अभिभावकहरु सचेत नहुनु समस्याको रुपमा रहेको उल्लेख गर्दे त्यसको समाधानको लागि शिक्षकहरुमा म एउटा जागिरे मात्र हु भन्ने भावना हटाई वर्षमा ४ पटक जति अभिभावक भेला गरी छलफल गर्नुपर्ने र शिक्षालाई राजनीतिबाट मुक्त राख्नुपर्ने उपाय बताए ।

अनुगमनको कमी र योजनाविहिन कार्यसम्पादन मुख्य समस्याको रुपमा रहेको कुरालाई उल्लेख गर्दै शिक्षा निकेतन उच्च मा.वि.का वि.व्य.समितिका अध्यक्ष विजय श्रेष्ठले यसको समाधानका रुपमा समयसमयमा अनुगमन हुनुपर्ने, योजना बनाई कार्यसम्पादन गर्नुपर्ने सबै जिम्मेवारी बोध गरी कार्य गर्नुपर्ने गरे समाधन हुने बताए ।

शिक्षण सुधार योजना कार्यान्वयनका केही समस्याहरु छन् भन्ने प्रश्नमा पञ्चायत उ.मा.वि.का वि.व्य. समिति अध्यक्ष भद्रसिंह राईले योजना प्रशस्तै छन् तर कार्यान्वयनमा शिक्षक यूनियन तथा तलब स्केल कमी हुन पुगेको जस्तो लाग्छ भन्दै त्यसको समाधानका लागि कक्षामा विद्यार्थीको सङ्ख्या हालभन्दा कम हुनुपर्ने, एउटा कक्षामा ४० जना भन्दा माथि विद्यार्थी हुनुभएन, तलब राम्रो दिने र विद्यालय व्यवस्थापन समितिलाई शिक्षक सरुवा सम्मको अधिकार दिनुपर्ने बताए ।

विद्यालयको शैक्षिक सुधार योजनाको मुख्य समस्याको रुपमा अनुगमनको कमी र विद्यार्थी अभिभावक सचेतनामा कमी मुख्य समस्याको रुपमा रहेको बताउदै हिमाली मा.वि.का अध्यक्ष निरमाया राईले शिक्षकहरुले योजना निर्माण गरी शिक्षण गर्नुपर्ने पदीय जिम्मेवारी ननिभाएको, राजनीतिक हड्तालले कोर्स पूरा हुन नसकेको समस्या बताउदै

समाधानका लागि अनुगमन हुनुपर्ने, अभिभावकलाई सचेत बनाउनुपर्ने, पदीय जिम्मेवारी निभाउनुपर्ने र मुख्य पाठ्यक्रम समयमा उपलब्ध गरी समाधान गर्न सकिने कुरामा जोड दिए ।

यसरी सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानप्रति प्र.अ., शिक्षक, स्रोतव्यक्ति र वि.व्य.समिति अध्यक्षहरुले अनुगमनको कमी हुनु, विद्यार्थीहरु र अभिभावक पढाईप्रति सचेत नहुनु, शिक्षकहरुको कार्यप्रति सही मूल्याङ्कन नहुनु, समयको अभाव, पढ्ने र पढाउने प्रवृत्तिमा परिवर्तन नभएको धारणा पाइन्छ भने पाठ्यपुस्तकको समयमा उपलब्ध नहुनु, राजनीतिक हस्तक्षेप, सम्बन्धित व्यक्तिहरुले आफ्नो पदीय जिम्मेवारी नलिनु, विद्यार्थीको पढाइप्रति रुचि कम, अभिभावकले विद्यार्थीलाई नियमित उपस्थित नहुनु, मूल्याङ्कन परिपाटी, समय सापेक्ष नहुनु, पर्याप्त समयको अभाव, भौतिक पूर्वाधारको कमी, उद्धार कक्षोन्नति प्रणाली, सहकर्मी शिक्षकबीच शेयर नगुर्न, एकपटक निर्माण गरेको शिक्षण सुधार योजनालाई अर्को पटक नहेर्नु जस्ता समस्याहरुलाई इङ्गीत गरेको देखियो ।

शिक्षण सुधार योजनाको कार्यान्वयनमा देखिएको समस्याहरुको समाधानका लागि अनुगमन गरिनुपर्ने, पाठ्यपुस्तकहरु समयमा नै उपलब्ध गराइनुपर्ने, तालिम प्राप्त शिक्षकहरुले सहकर्मीबीच ज्ञानसीप शेयर गर्नुपर्ने, राजनीतिक हस्तक्षेप, बन्द हड्ताल जस्ता विषयलाई निषेध गर्नुपर्ने, मूल्याङ्कन प्रणालीलाई व्यवहारिक बनाइनुपर्ने, अभिभावक विद्यार्थीहरुलाई सचेत बनाउनुपर्ने जस्ता विषयहरुले सुधार गर्न सकिने बताए ।

## ४.२ सारांश/प्राप्तिको छलफल

सामुदायिक विद्यालयका मा.वि.तहमा शिक्षण सुधार योजना कार्यान्वयनको अवस्था सम्बन्धी गरिएको यो शोधपत्र सुनसरी जिल्ला धरान उप-महानगरपालिकाका ५ वटा सामुदायिक विद्यालयहरुलाई अध्ययन क्षेत्र बनाई अध्ययन गरिएको थियो । अध्ययन गरिएका विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई अनुसूचीमा राखिएका प्रश्नावली अन्तर्क्रिया र दस्तावेजका आधारबाट प्राप्त गरी सूचनाहरुलाई विश्लेषण गर्दा निम्न तथ्यहरु प्राप्त भयो ।

### ४.२.१ सामुदायिक विद्यालयका माध्यमिक तहमा शिक्षण सुधार योजना निर्माणको अवस्था सम्बन्धी

(क) विद्यालयमा सबै शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गरेको पाइयो ।

(ख) शिक्षण सुधार योजना निर्माण सम्बन्धी ५ वटा विद्यालयका ३५ जना शिक्षकहरुमा ३० जनाले नियमित योजना निर्माण गरेको पाइयो भने ५ जनाले कहिलेकाही निर्माण गर्ने गरेको पाइयो ।

(ग) शिक्षण सुधार योजनामा उल्लेख गरिएको मौजुदा लक्ष्यमा राखिएको अपेक्षित लक्ष्यमा सुधार भएको पाइयो ।

(घ) शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्दा विषय र पाठको बारेमा स्पष्ट बुझ्न र सुधार गर्न, अपेक्षित लक्ष्य हासिल गर्न, शिक्षण प्रस्तुती सहज र सरल बनाउन र उद्देश्यमुखी र परिणाममुखी शिक्षण गर्न सजिलो हुने देखियो ।

(ङ) शिक्षण सुधार योजनाले विद्यार्थीको हकमा शैक्षिक गुणस्तर सुधार गर्न, विद्यार्थीको स्तर र मनोविज्ञानलाई बुझि प्रभावपूर्ण बनाउन, सिकाइप्रति रुची जगाउन सिकाई क्रियाकलापमा सक्रिय बनाउन, उत्प्रेरणा जगाउन, सहयोग पुग्ने पाइयो ।

(च) शिक्षण सुधार योजनाको निर्माण विना शिक्षण गन्तव्यहीन, उद्देश्यहीन र असफल कार्य बन्ने भएकोले योजना निर्माणको आवश्यकता देखियो ।

(छ) शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्दा विद्यार्थीहरुमा नियमितता हुने र शिक्षणमा भएका कमी कमजोरी हटाउन सहयोग पुग्ने र गन्तव्यमा पुग्न गाह्रो नहुने ठम्याइ रहयो ।

(ज) शिक्षण कार्यलाई निश्चित अवधिमा सक्न र सुधार गर्न सहज हुने पाइयो ।

(झ) योजना निर्माणले पृष्ठपोषण दिने, कक्षा शिक्षण नियन्त्रित हुने, शिक्षण सामग्री र शिक्षण विधि सही प्रयोग हुने पाइयो ।

(ञ) प्रायजसो सबै शिक्षकहरुले पेसागत विकास तालिम र सेवाकालिन तालिम लिइएको पाइयो ।

(ट) आवधिक शिक्षण योजना निर्माण गरेतापनि व्यवहारमा उतार्न न्यून प्रतिशत मात्र सफल भएको देखियो ।

(ठ) शिक्षण सुधार गर्न निरन्तर मूल्याङ्कन प्रणाली र योजनाको पाठनोटको व्यवस्था गरेको देखियो ।

(ड) वि.व्य.स. अध्यक्षहरुबाट शिक्षण सुधार योजना निर्माण गरेको तर व्यवहारिक रुपमा उतार्न नसकिएको प्रतिक्रिया पाइयो ।

**४.२.२ सामुदायिक विद्यालयको माध्यमिकतहमा शिक्षण सुधार योजना कार्यान्वयनको प्रक्रियाको अवस्था सम्बन्धीः**

(क) शिक्षण सुधार योजना, पेसागत विकास तालिमको परियोजना कार्यको रुपमा र अन्य रुपमा प्रयोग गरेको देखिन्छ ।

(ख) विषयगत पाठनोट शिक्षण योजना निर्माण, विद्यार्थी केन्द्रित विधिलाई बढी जोड दिइएको, विषयवस्तु र विधि अनुसार शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको देखियो ।

(ग) शिक्षकको पेसागत विकास तालिम अन्तर्गतका परियोजना कार्य विद्यालयमा गई मौजूदा लक्ष्य र अपेक्षित लक्ष्य उल्लेख गरी योजना निर्माण कार्यान्वयन गरेको पाइयो ।

(घ) शिक्षण सुधार योजना कार्यान्वयकै क्रममा स्रोतव्यक्तिबाट शैक्षणिक परामर्श गर्ने गरेको, नतिजा विश्लेषणलाई पृष्ठपोषणका रुपमा प्रयोग गर्ने गरेको, परीक्षाफल प्रकाशित भएपश्चात समीक्षा गर्ने गरेको देखियो ।

(ङ) शिक्षण सुधार योजनालाई कार्यान्वयन गर्न सन्दर्भ सामग्रीहरु पत्रपत्रिका, पुराना प्रश्नपत्र, शिक्षण निर्देशिका, पाठ्यक्रम र पाठसँग सम्बन्धित पाठ्यसामग्री प्रयोग गरेको देखियो ।

(च) शिक्षण सुधार गर्न सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरेको देखियो ।

(छ) शिक्षण सुधार योजना कार्यान्वयन गर्न, अवलोकन प्रक्रिया, गृहकार्य, प्रश्नोत्तर, परियोजना कार्य, क्षेत्र भ्रमण, मूल्याङ्कन, हाजिरी प्रथा, एकाई परीक्षा प्रयोग गरेको पाइयो ।

(ज) कार्यान्वयनका प्रक्रियाहरु अधिक गर्ने गरेको तर व्यवहारिक रुपमा न्यून मात्र रहेको देखियो ।

(झ) विद्यार्थीहरुको परीक्षाफल मार्कसिट, अभिभावक र विद्यार्थीको हातमा समयमा पुऱ्याउने व्यवस्था नभएको, अभिभावकहरुसँग विद्यार्थीहरुको पढाई सम्बन्धमा अन्तर्क्रिया छलफल गर्ने गरेको पाईयो ।

(ञ) शिक्षण सुधार योजनालाई कार्यान्वयन गर्न कतिपय विद्यालयले वार्षिक क्यालेण्डर बनाउने गरेको, निरन्तर मूल्याङ्कन प्रणाली अपनाई गरेको, रुजु सूची प्रयोग गर्ने गरेको पाइयो ।

**४.२.३ सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान एवं सुधार सम्बन्धीः**

(क) शिक्षण सुधार योजना कार्यान्वयनमा सम्बन्धित निकायबाट अनुगमनको कमी,विद्यार्थीहरुकोरुचीकम रअभिभावकहरुले मोनिटरिङ नगर्नेप्रवृत्तिदेखियो।

(ख) शिक्षकले गरेको सही र गलत कामको मूल्याङ्कन नहुनु, विद्यार्थीहरु नियमित उपस्थित नहुनु, विद्यालयमा हुने विदाहरु र मूल्याङकन परिपाटी सही नहुनु जस्ता समस्याहरुपाइयो ।

(ग) आवधिक र एकाई परीक्षामा कठिनाई रहेको, शैक्षिक सामग्री पर्याप्त नभएको र स्रोतकेन्द्र स्तरीय योजनामा बाधिनुपर्ने अवस्था रहेको पाइयो ।

(घ) विद्यार्थीहरुलाइ घरमा मार्गदर्शन नहुने, विद्यालयमा बढी गएल हुने, पाठ्यपुस्तकको समयमा उपलब्ध नुहुनु, शिक्षकलाई प्रोक्सी कक्षा बढी जानुपर्ने भएको, अभिभावकको सामाजिक, शैक्षिक र आर्थिक समस्या नै प्रमुख रुपमा समस्या रहेको देखियो ।

(ङ) जिम्मेवार व्यक्तिहरुले पदीय जिम्मेवारी नलिएको, विद्यालयमा राजनीतिक हस्तक्षेप, बन्द हड्ताल हुने, भौतिक पूर्वाधारको कमी आदि समस्याहरुदेखियो ।

(च) मूल्याङ्कन परिपाटी समयसापेक्ष नहुनु, पर्याप्त समयको अभाव, उद्धार कक्षोन्नति प्रणाली, विद्यार्थी अभिभावक सचेतनाको कमी आदि पाइयो ।

(छ) शिक्षण सुधार योजना कार्यान्वयनको समयसमयमा अनुगमन गर्नुपर्दछ र अभिभावकहरुले विद्यार्थीहरुलाई घरमा मोनिटरिङ गर्नुपर्दछ भन्ने सुझाव पाइयो ।

(ज) शिक्षक विद्यार्थी मूल्याङकन प्रणाली समय सापेक्ष बनाइनुपर्ने, समय पर्याप्त हुनुपर्ने र पदीय जिम्मेवारी निभाउनु पर्ने सुझाव आयो ।

(झ) पाठ्यपुस्तकलाई समयमा उपलब्ध गराउनुपर्ने, विद्यार्थीहरुलाई निगरानी गर्नुपर्ने र बालबालिकाको मनोविज्ञान अनुसार शिक्षण गरिनु पर्ने सुधारका लागि सुझाव पाइयो ।

(ञ) विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिनुपर्ने र बन्द हड्तालको अन्त्य गरिनुपर्ने सुझाव आयो ।

(ट) शिक्षक नियुक्ति समयमा हुनुपर्ने र हाम्रा भन्दा पनि राम्रा शिक्षकलाई नियुक्ति गरिनुपर्ने समाधानका उपायमा ध्यान दिनुपर्दछ भन्ने सुझावपाइयो।

# परिच्छेद- पाँच

# निष्कर्ष र सुझावहरु

तथ्याङ्कदाताहरुबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या र विश्लेषण पश्चात आएका निष्कर्षहरु र अध्ययनकर्ताबाट आवश्यक सुझावहरु यस परिच्छेदमा राखिनुपर्दछ । यस परिच्छेदमा निष्कर्ष र सुझावहरुलाई समावेश गरिएको छ ।

## ५.१ निष्कर्ष

शिक्षण सुधार योजनाको कार्यान्वयनको अध्ययन र विश्लेषणमा आधारित भएर गरिएको शोध कार्यमा विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति र वि.व्य. समिति अध्यक्षहरुलाई प्रश्नावली र अन्तर्वार्ता प्रक्रियाबाट प्राप्त तथ्याङ्कको आधारमा प्राप्तिलाई अध्ययन गरी निम्न लिखित निष्कर्ष निकालिएको छ ।

सामुदायिक विद्यालयको मा.वि. तहमा शिक्षण सुधार योजना निर्माण गरेर शिक्षण गर्ने परिपाटी प्रायः सबै विद्यालयहरुमा देखिन्छ । शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्नु उपयुक्त हुने र यसले विद्यार्थीहरुको लागि सिकाई उपलब्धि वृद्धि गर्न सहयोग पुग्ने र शिक्षकहरुका लागि शिक्षण कार्य सम्पन्न गर्न सहज र प्रभावकारी हुने पाइयो । शिक्षण सुधार योजनाको निर्माण गरी शिक्षण गर्ने ३५ जना शिक्षकहरुमा ३० जनाले नियमित सुधार योजना निर्माण गरी शिक्षण कार्य गर्ने र ५ जनाले कहिलेकाही निर्माण गर्ने गरेको देखिन्छ । यसरी शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्दा शिक्षकलाई विषय र पाठको बारेमा बुझ्न र बुझाउन अपेक्षित लक्ष्य हासिल गर्न, योजनाबद्ध शिक्षण गर्न, उद्देश्यपूर्ण र परिणाममुखी शिक्षण गर्न उचित हुने पाइयो । त्यस्तै विद्यार्थीहरुलाई क्रियाकलापमुखी बनाई गरेर सिक्ने प्रकृतिको विकास हुने, सधै क्रियाशील हुने, नियमित हुने पाइन्छ ।स्रोतव्यक्तिका अनुसार शिक्षकको पेसागत विकास तालिमको एक परियोजना कार्यको रुपमा रहेको शिक्षण सुधार योजना कागजमा मात्र निर्माण सीमित गरी व्यवहारमा उतार्न नसकेको देखिन्छ ।वि.व्य. समितिका अध्यक्षहरुले विद्यालयमा शिक्षण सुधार योजना निर्माणको आवश्यकता रहेको र निर्माण गरी शिक्षण गर्ने गरेको तर त्यसलाई व्यवहारमा उतार्न नसकेको देखिन्छ ।

शिक्षण सुधार योजनाको कार्यान्वयन प्रक्रिया समग्रमा सकारात्मक नै देखिन्छ । त्यस्तै शिक्षण सुधारका लागि विषयवस्तु अनुसार शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग गरी परियोजना कार्य, सन्दर्भ सामग्रीहरुको प्रयोग आवश्यकता अनुसार सम्बन्धित निकायसँग परामर्श गर्ने गरेको र समस्यामा परेका विषयहरुमा र अस्पष्ट भएको विषयवस्तु निर्माणमा देखापरेका अप्ठ्याराहरुका बारेमा छलफल गर्ने गरेको देखियो ।

शिक्षण सुधार योजना कार्यान्वयन गर्ने सन्दर्भ समय समयमा परामर्श गर्ने गरेको सिकाई उपलब्धिका आधारमा समीक्षा बैठक बसेर विश्लेषण गर्ने गरेको अवस्था पाइन्छ । सुधार योजना कार्यान्वयन प्रक्रियाका क्रममा सन्दर्भ सामग्रीका रुपमा पत्रपत्रिकाको प्रयोग, पुराना प्रश्नपत्रको प्रयोग, शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरुको प्रयोग गरी कार्यान्वयन गरेको पाइन्छ । त्यसैगरी शिक्षकहरुले योजना कार्यान्वयन गर्न मुख्य भुमिका खेल्ने भएकोले अवलोकन कार्य प्रश्नोत्तर, मूल्याङ्कन अतिरिक्त क्रियाकलाप, हाजिरीजवाफ, परियोजना कार्य गरी गरेको देखिन्छ ।

स्रोतकेन्द्रको निष्कर्षमा सबै निकायहरु तालिम प्राप्त भएको शिक्षण सुधार योजना कार्यान्वयनमा केही शिक्षकले मात्र व्यवहारिक रुपमा उतारेको र अरु शिक्षकहरुले कार्यान्वयन उतारेको तर व्यवहारिक पक्ष कमजोर रहेको देखियो ।

नियमित दैनिक पाठनोट निर्माण गरी शिक्षण गर्नुपर्ने हो, योजना मुताविक परामर्श गोष्ठीहरु बैठकमा छलफल गर्दा पनि व्यवहारमा नदेखिएको अवस्था भएको वि.व्य.समितिका अध्यक्षहरुको प्रतिक्रिया देखियो । योजना निर्माण मात्र भएर भएन त्यसको व्यवहारिक कार्यान्यनमा विशेष जोड दिनुपर्ने, शैक्षिक योजना, शैक्षणिक योजना पाठनोट उपलब्धि परीक्षण,रुजुसूची प्रयोग गर्नुपर्ने निर्देशन दिएको र त्यही अनुरुप त्यति हुन नसकेकोदेखिन्छ। त्यस्तै स्रोतव्यक्ति प्रशिक्षकहरुसँग परामर्श गोष्ठी गर्नुपर्ने, त्यो न्यून देखिएको, परीक्षाको परीक्षाफल प्रकाशित गरी मार्कशीट अभिभावकको हातमा हुनुपर्ने त्यो कार्यान्वयन नदेखिएको धारणा देखियो । शिक्षण सुधार योजना कार्यान्वयनका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप गर्ने गरेको, निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाउने गरेको परीक्षालाई मर्यादित बनाउने गरेको, परीक्षाफल प्रकाशित गर्न अभिभावकलाई अनिवार्य उपस्थित गराई जानकारी दिने गरेको, विद्यार्थी अभिभावक, वि.व्य.समितिसँग अन्तर्क्रिया गरी कार्यान्वय गर्ने गरेको पाईयो ।

शिक्षण सुधार योजना कार्यान्वयनमा भएका समस्याहरुका विषयमा अनुगमनको कमी, उपयुक्त शैक्षिक सामग्री कमी, शैक्षिक भ्रमणको धारणा, विद्यार्थीहरुमा पढाइप्रति रुची कम, अभिभावकहरुले विद्यार्थीहरुलाई मोनिटरीङ नगर्ने मनोवृत्ति, गृहकार्य नगर्ने, विद्यार्थी र शिक्षकको सही मूल्याङ्कन नहुनु, विदाहरु, समयको अपर्याप्त, विद्यार्थीहरु नियमित विद्यालय नआउनु, नतिजा विश्लेषण र त्सको प्रयोग न्यून हुनु, कार्यक्रम योजनामा बाधा पर्ने, विद्यार्थी र अभिभावकको शैक्षिक आर्थिक अवस्था कमजोर हुनु, विद्यार्थीहरुसँग पठन सामग्री पर्याप्त नहुनु, विद्यालयमा भौतिक सुविधा न्यून रहेको, पाठ्यपुस्तक समयमा उपलब्ध नहुनु, विद्यालयमा राजनीतिक हस्तक्षेप, शिक्षक पदपूर्ति समयमा नहुनु, तालिममा प्राप्त सीप र ज्ञानलाई सहकर्मी शिक्षक बीच शेयर नगर्नु, जिम्मेवारी बोध नहुनु, जस्ता कुराहरु शिक्षण सुधार योजना कार्यान्वयनमा समस्याको रुपमा रहेको छ ।

कार्यान्वयनमा देखिएका समस्याको समाधानको रुपमा अनुगमन गर्नुपर्ने, जिम्मेवारी बोध हुनुपर्ने, सहकर्मीबीच ज्ञान सीपको शेयर गर्नुपर्ने, मूल्याङ्कन प्रणाली न्याय संगत हुनुपर्ने, विद्यार्थीहरुसँग पठन सामग्री हुनुपर्ने, विद्यालयको भौतिक सुविधा राम्रो बनाइनु पर्ने, पाठ्यक्रम समयमा उपलब्ध हुनुपर्ने, विद्यालयमा राजनीतिक बन्द हड्ताल रोक्नुपर्ने, शिक्षक पदपूर्ति समयमा गरिनुपर्ने, विद्यालय नआउने विद्यार्थीहरुलाई आकर्षिक गर्नुपर्ने, उपयुक्त शिक्षण विधि र शिक्षण सामग्री प्रयोग गर्नुपर्ने जस्ता विषयहरु शिक्षण सुधार योजना कार्यान्वयनको समस्या समाधानका रुपमा रहेको छ ।

## ५.२ सुझावहरु

शिक्षण सुधार योजनाको कार्यान्वयनको अवस्था सम्बन्धमा गरिएको शोधकार्यको अध्ययनका क्रममा विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति, वि.व्य.समितिका अध्यक्षहरुसँग प्रश्नावली, अन्तर्वार्ता र अभिलेखको माध्यमबाट प्राप्त सूचनाहरुका आधारमा यो शोध कार्य गरिएको र यो अध्ययन विद्यालयमा शिक्षण सुधार योजना कार्यान्वयन गर्न उपलब्धिमुलक हुने र सामुदायिक विद्यालयमा योजना कार्यान्वयनको सकारात्मक र प्रभावकारी प्रभाव परेकोले यस कार्यलाई अझ सुदृढ र प्रभावकारी रुपले अगाडी बढाउन निम्न सुझावहरु दिइएको छ ।

### ५.२.१ नीतिगत तह

(क) विद्यालयमा शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गर्ने परिपाटीको थालनी गर्न नीतिगत योजना बनाउनुपर्दछ ।

(ख) शिक्षकको पेसागत तालिम अन्तर्गत परियोजना कार्यका रुपमा अनिवार्य निर्माण गराई शिक्षण गराउनुपर्दछ ।

(ग) राज्यले शैक्षिक गुणस्तर वृद्धि गर्न सुधार योजनाको खाका शिक्षा नियमावलीमा नै उल्लेख गरी उपलब्ध गराउनुपर्दछ ।

(घ) शिक्षण सुधार गर्न पेसागत विकास तालिम, सेवाकालिन तालिम, निरन्तर मूल्याङ्कन प्रणाली र वार्षिक योजना गर्ने गरी नियमावलीमा राखिनुपर्दछ ।

(ङ) शिक्षण सुधार योजना निर्माण मात्र गरेर पुग्दैन । त्यसको उचित कार्यान्वयन प्रक्रिया गर्नुपर्ने अनिवार्य व्यवस्था शिक्षा नियमावलीमा गर्नुपर्दछ ।

(च) निर्माण गरिएको योजना कार्यान्वयन गरिएको या नगरिएको अनुगमन गरी त्यसको उपयोगितामा ध्यान दिनुपर्दछ ।

(छ) शिक्षण सुधार योजनाको समयावधि तोकिनुपर्दछ र त्यसै समयभित्र पूरा गर्ने गरी नीति नियम निर्माण गर्नुपर्दछ ।

(ज) शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन नगर्ने शिक्षाकर्मीहरुलाई दण्ड तथा कारवाहीको व्यवस्था नियमावलीमा राखिनुपर्दछ ।

(झ) विद्यालयमा राजनीतिक हस्तक्षेप, बन्द हड्ताल निषेध गर्ने गरी नीति बनाउनुपर्दछ ।

(ञ) नियमित विद्यालय नआउने र बीचैमा विद्यालय छोड्ने समस्याका बारे कार्यमूलक अनुसन्धान गरी पहिचान गर्न नियम बनाउनुपर्दछ ।

(ट) विद्यालयमा शिक्षण सुधार योजना कार्यान्वयन गरिसकेपछि त्यसको प्रतिवेदन बनाई त्यसबाट भएका उपलब्धिहरुको उल्लेख गरी जि.शि.का.मा पेश गर्ने अनिवार्य व्यवस्था गरिनुपर्दछ ।

### ५.२.२ अभ्यास तह

(क) शिक्षण सुधार योजना आवधिक रुपमा व्यवहारमुखी बनाइ प्रभावकारी रुपमा प्रयोग गर्नुपर्दछ ।

(ख) शिक्षण सुधार योजनामा अपेक्षित लक्ष्य सिकाई उपलब्धि उल्लेख गर्नुपर्दछ जसले परीक्षा पश्चात अपेक्षित लक्ष्य पूरा भयो भएन थाहा हुन्छ ।

(ग) शिक्षण सुधार गर्न स्रोतव्यक्ति, प्र.अ., शिक्षक र प्रशिक्षक बीच शिक्षण सुधार योजनाका विषयमा समय समयमा अन्तर्क्रिया र परामर्श गर्ने गर्नुपर्दछ ।

(घ) शैक्षणिक योजना निर्माण, वार्षिक क्यालेण्डर, अतिरिक्त क्रियाकलाप परीक्षा समयतालिका र प्रणाली समेत उल्लेख गरी योजना निर्माण गर्नुपर्दछ ।

(ङ) पाठनोटको तयारी र समय निर्धारण तालिका सहित विद्यालयमा शिक्षण सुधार योजना नियमित निर्माण गर्नुपर्दछ ।

(च) शिक्षण सुधार योजनामा भएका क्रियाकलापहरुलाई प्रभावकारी तरिकाबाट प्रयोग गर्नुपर्दछ र विद्यार्थीहरुलाई क्षेत्र भ्रमण र छलफलमा सहभागी गराउनुपर्दछ ।

(छ) शिक्षकले कक्षा कार्य, गृहकार्य, निरन्तर मूल्याङ्कन प्रणाली र अतिरिक्त क्रियाकलाप जस्ता कुराहरुलाई ध्यान दिनुपर्दछ ।

(ज) शिक्षण प्रक्रियामा आधुनिक र वैज्ञानिक पद्धति अपनाउनुपर्ने र शिक्षण सुधार योजनालाई सार्थक बनाउन शिक्षक, विद्यार्थी र अभिभावकबीच सहयोगी भावनाको वातावरण बनाइनुपर्दछ ।

(झ) विद्यार्थीहरुका लागि चाहिने आवश्यक पठन सामग्रीको व्यवस्था गरिनुपर्दछ ।

(ञ) शिक्षण सुधार गर्न उपयुक्त शिक्षण विधि र सामग्रीको प्रयोग र परीक्षाफलको विश्लेषण गरिनुपर्दछ ।

(ट) शिक्षण सुधार योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न पाठ्यक्रम र विषयवस्तुको माग बमोजिम पत्रपत्रिका, सन्दर्भ सामग्री, सूचना तथा सञ्चार, प्रविधिको प्रयोग रनविन ज्ञानको विषयहरु समावेश गरी गर्नुपर्दछ ।

(ठ) शिक्षण सुधार योजना भित्र सिकाई उपलब्धि वृद्धि गर्न आवश्यक क्रियाकलापहरु उल्लेख गर्नुपर्दछ ।

(ड) शिक्षण सुधार योजना तयारी गरी प्रभावकारी शिक्षण गर्न, विद्यार्थीलाई स्पष्ट ज्ञान लिन, शिक्षण कार्य गन्तव्यमा पुऱ्याउन सहज हुने भएकोले यस योजनाको सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, प्रशिक्षक, शिक्षक, प्र.अ., विद्यार्थी र अभिभावक र वि.व्य.स. बीच अन्तर्क्रिया कार्यक्रम गर्ने गर्नुपर्दछ ।

(ढ) शिक्षण सुधार योजना आवधिक रुपमा निर्माण गरी विद्यालयको भित्तामा टाँस्नुपर्दछ ।

(ण) विद्यार्थीहरुको उपस्थिति न्यून हुनेगरेकोले उनीहरुको रुची र चाहनालाई ध्यानमा राखी उपस्थिति दर बढाउने खालको कार्यक्रम ल्याईनु पर्दछ ।

(त) विद्यार्थीहरुको सिकाई उपलब्धि घट्दो वा न्यून भए किन त्यसो भयो ? सबै शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावक, विद्यार्थी बसी समीक्षा गर्नुपर्दछ ।

**५.२.३ अनुसन्धान तह**

(क) शिक्षण सुधार योजना महत्वपूर्ण दस्तावेज भएकोले यो भविष्यमा समेत उपयोगी हुने गरी बनाइनुपर्दछ ।

(ख) शैक्षिक गुणस्तरसँग सम्बन्धित विषयवस्तुमा प्रयोग हुन सक्ने र आगामी दिनमा अनुसन्धान कार्यलाई सहयोग पुग्ने किसिमको शिक्षण सुधार योजना कार्यान्वयन गर्नुपर्दछ ।

(ग) शिक्षासँग सम्बन्धित कुनै पनि अध्ययन अनुसन्धानको लागि सहयोगी र पृष्ठपोषणको काम गर्ने योजना निर्माण गर्नुपर्दछ ।

(घ) शिक्षण सुधार योजना सम्बन्धी अनुसन्धान विद्यालयमा सामान्यीकरण गर्न सक्ने व्यवहारिक हुनुपर्दछ ।

(ङ) शिक्षण सुधार योजना कार्यान्वयन प्रक्रिया भित्र कुन कुन विषयहरु पर्दछन् ? भविष्यमा गरिने अनुसन्धानहरुलाई सहयोग पुग्ने खालको हुनुपर्दछ ।

(च) शिक्षण सुधार योजना सम्बन्धी अनुसन्धान गर्न प्रोत्साहन हुने र मार्गदर्शन दिन सक्ने प्रकारको हुनुपर्दछ ।

(छ) सिकाई उपलब्धि न्यून र कार्यान्वयन प्रकृया फितलो भएकोले अनुसन्धान गर्न प्रेरित गरिनु पर्दछ ।

## सन्दर्भ सामग्रीहरु


अधिकारी, विष्णुप्रसाद (२०७०), *माध्यमिक शिक्षक दिग्दर्शन,* वागबजार, काठमाडौंः आशिष बुक्स हाउस प्रा.लि. ।

काफ्ले, टोलनाथ र अन्य (२०६३), *मनोवैज्ञानिक परीक्षण,* काठमाण्डौः जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

काफ्ले, वासुदेव र अन्य (२०६७), *शैक्षिक योजना,* कीर्तिपुर, काठमाडौं :सनलाइट पब्लिकेशन।

कोइराला, भुपेन्द्र (२०६९), *शिक्षक तालिम,* शैक्षिक तालिम केन्द्र, सुनसरी

कोइराला, श्रेष्ठ (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* भेटाहिटी, काठमाडौं : सनसाइन पब्लिकेसन ।

खनाल, श्रीप्रसाद (२०६४), *पाठ्यक्रम सिद्धान्त,* काठमाण्डौः जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

ज.ब.रा. श्रेष्ठ, रञ्जितकार (२०६५), *शिक्षामा मापन तथा मूल्यांकन,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जिल्ला शिक्षा कार्यालय (२०७०),*जीवनोपयोगी सीपमूलक शिक्षण,* धरान श्रोतकेन्द्रसुनसरी।

तिमिल्सिना, रामचन्द्र (२०६८), *शिक्षा ऐन नियम संग्रह,* शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

थापा, श्रेष्ठ, सिग्देल, लामिछाने (२०६८), *शिक्षामा मानव संसाधन व्यवस्थापन,* भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, मुरारीप्रसाद र अन्य (२०६३), *कक्षाकोठामा मनोविज्ञान,* काठमाण्डौः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, चिरञ्जिव, निर्मला (२०६७), *शिक्षण विधि,* काठमाडौंः एम.के पब्लिकेशन एण्ड डिष्टिब्युटर्स ।

शर्मा, चिरञ्जिवी, निर्मला (२०६५), *कक्षाकोठामा मनोविज्ञान,* भोटाहिटी, काठमाडौं : एम के पब्लिकेशन ।

शिक्षा विभाग (२०६६), *बालमैत्री विद्यालय सम्बन्धि राष्ट्रिय प्रारुप (मस्यौदा),* सानोठिमी, भक्तपुर ।

शिक्षा मन्त्रालय (२०६३) *राष्ट्रिय पाठ्यक्रम प्रारुप,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

शिक्षा मन्त्रालय (२०६७), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* सानोठिमी, भक्तपुर ।

Danielson, C. (2009) *implementing the framework for teaching inhancing professional practice*.

## अनुसूची-१

### सामुदायिक विद्यालयका प्र.अ.हरुको लागि तयार गरिएको प्रश्नावली

१) यस विद्यालयमा अध्यापनरत शिक्षकहरुले शैक्षिक गुणस्तरका लागि आवधिक शिक्षण सुधार योजना निर्माण गरि शिक्षण गर्ने गर्नु भएको छ ?

२) शिक्षण सुधार योजना निर्माण गरि शिक्षण गर्नुभएको भए योजना अनुसारको अपेक्षित लक्ष्यमा कति सुधार भएको पाउनुभयो ?

३) शिक्षण सुधारमा अपेक्षित लक्ष्य प्राप्त हुन कठिन भए त्यसका लागि शिक्षकहरुलाई यहाँको सुझाव वा उपायहरु के दिनुहुन्छ?

४) शिक्षकको पेशागत विकास तालिममा यहाँको विद्यालयबाट सबै शिक्षकहरु सहभागी भई तालिम प्राप्त भएको होलन् । त्यस्ता शिक्षकबाट सिकाई उपलब्धिको स्तर कस्तो पाउनुभयो ?

५) शिक्षण सुधारका लागि शिक्षकहरुबाट प्र.अ.को हैसियतले यहाँसँग कतिको सहयोग माग्नुभएको अवस्था छ ?

६) यहाँको विद्यालयका शिक्षकहरुद्वारा निर्माण गरिएको शिक्षण सुधार योजनाको कार्यान्वयन कसरी गर्ने गर्नु भएको छ ?

७) शिक्षण सुधार योजनालाई प्रभावकारी कार्यान्वयन गर्न यहाँको विचारमा के गर्नुपर्ला ?

८) शिक्षण सुधार योजना कार्यान्वयनमा समस्याहरु भए कस्तो प्रकारको समस्याहरु पाउनु भयो ?

९) ति समस्याहरु समाधानका लागि के उपायहरु अपनाउन सकिएला ?

## अनुसूची-२

सामुदायिक विद्यालयका शिक्षकहरुको लागि तयार गरिएको प्रश्नावली

विषय शिक्षकको नाम : योग्यता :

विद्यालयको नाम : तह :

ठेगाना :

१. आफ्नो विषय शिक्षण  गर्ने सन्दर्भमा शैक्षिक गुणस्तर वृद्धि गर्न आवधिक शिक्षण सुधार योजना नियमित रुपमा निर्माण गरी शिक्षण गर्ने गर्नुभएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही घ) जरुरी छैन

२. शिक्षण सुधार तयार गरी शिक्षण गर्दा मौजुदा लक्ष्यमा तपाईले राख्नुभएको अपेक्षित लक्ष्यमा कतिको सुधार भएको पाउनुभयो ?

क) सुधार पाइयो ख) अपेक्षित सुधार पाइएन

ग) केही सुधार भयो घ) सुधार नै आएन

३. यदि शिक्षण सुधार अपेक्षित लक्ष्य प्राप्त हुन कठिन भएको भए, किन कठिन भएको होला?

क) शिक्षण सुधार योजना विहीन शिक्षण ख) पाठनोट तयार नगरिकन शिक्षण

ग) उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग नगरिकन शिक्षण

घ) विद्यार्थी र अभिभावक जिम्मेवारी

४. विषयगत सिकाई उपलब्धिमा अपेक्षित लक्ष्य पुऱ्याउन के कस्ता उपायहरु अपनाउन सकिएला ?

क) योजना निर्माण

ख) उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग

ग) उपयुक्त पाठनोट तयार गरी शिक्षण घ) उपयुक्त मूल्याङ्कन प्रक्रिया अपनाउन

५. शिक्षकको पेसागत विकास तालिममा तयार गर्नुभएको शिक्षण सुधार योजनाले शिक्ष्ँण कार्यमा शिक्षक र विद्यार्थीलाई कस्तो सहयोग पुग्ला ?

........................................................................................................

......................................................................................................

६) शिक्षण सुधार योजना निर्माण र कार्यान्वयनमा समस्या भएको भए के कारणले समस्या भएको होला ?

७) शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन गर्न भएका समस्याहरुको समाधान कसरी गर्न सकिएला ?

८) शिक्षण सुधार गर्न प्रभावकारी शिक्षणका लागि विद्यालय प्रशासन संग परामर्श लिने गर्नु भएको छ ?

९) स्रोत व्यक्ति र प्रशिक्षकसंग सम्पर्क गरी शैक्षिक परामर्श गर्ने गर्नु भएको छ भने कस्तो प्रकारको परामर्श गर्नु भएको छ ?

१०) शिक्षण क्रियाकलाप गर्नु अगाडी विषयगत पाठनोटलाई कतिको प्रयोगमा ल्याउने गर्नु भएको छ ?

११) शिक्षण सुधारका लागि के कस्ता शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गर्ने गर्नुभएको छ ?

## अनुसूची-३

## वि.व्य.स.का अध्यक्षहरुलाई तयार पारिएको अन्तर्वाता निर्देशिका

अध्यक्षको नाम शैक्षिक योग्यता

विद्यालयको नाम ठेगाना

१) तपाईको विद्यालयमा विद्यार्थीहरुको औषत सिकाई उपलब्धिको स्तर कस्तो छ ?

२) शिक्षकहरुले नियमित दैनिक पाठनोट बनाई शिक्षण गरेको अवस्था रहेको पाउनु भएको छ?

३) विद्यालयले शिक्षण सुधार गर्न परामर्श गोष्ठीहरु वर्षमा कतिपटक गरेको अवस्था छ ?

४) शिक्षणमा सुधार गर्न विद्यालयका शिक्षकहरुले नियमित शिक्षण सुधार योजना निर्माण गर्नुभएको छ ?

५) शिक्षण सुधार गर्न तपाईको विचारमा के के सुधारका उपायहरु अपनाउनु पर्ला ?

६) शिक्षण सुधार योजना निर्माण र कार्यान्वयनमा के समस्या पाउनुहुन्छ ?

७) त्यस्ता समस्याहरु समाधान गर्न के गर्नुपर्ला ?

## अनुसूची-४
## स्रोतव्यक्तिको लागि तयार पारिएको अन्तरवार्ता निर्देशिका

१) सामुदायिक विद्यालयका शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गरी शिक्षण गरेको अवस्था कस्तो छ ?

२) शिक्षकहरुलाई शिक्षण सुधार योजना अनुसार निर्माण र कार्यान्वयनमा भएका समस्याहरु के-के पाइएको अवस्था छ ?

३) ती समस्याहरु समाधानका लागि यहाँको विचारमा के उपायहरु अपनाउन सकिएला ?

४) विद्यालयमा अनुगमनका क्रममा शिक्षकहरुले शिक्षण सुधारका लागि कुन कुन प्रक्रियाहरु अपनाइएको पाउनुभयो ?

५) वर्तमान शैक्षिक गुणस्तर वृद्धि गर्न यहाँको विचारमा शिक्षण सुधार योजना भित्र कुन-कुन विषयवस्तुहरुलाई समावेश गर्नु उपयुक्त होला ?

६) शिक्षणलाई सुधार गर्न के के कार्यक्रमहरु ल्याइएका छन् ? त्यसको कार्यान्वयन कति प्रतिशतले भएको अवस्था छ ?

(

अनुसूची-५

# शिक्षण सुधार योजना

शिक्षकको नाम : ................................. विद्यालयको नाम : ........................................

योजना अवधि : मिति : २०....../...../...... देखि २०...../...../...... सम्म (६ महिना)

| क्र. सं. | सूचक | मौजुदा स्थिति | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरु |
|---|---|---|---|---|
| १. | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क (अध्ययन गर्ने मुख्य ३ विषयहरु) | | | |
| (क) | कक्षा ......... विषय .......... | | | |
| (ख) | कक्षा ......... विषय .......... | | | |
| (ग) | कक्षा ......... विषय .......... | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४, मा मापन गर्ने) | | | |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारी सहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| ५. | स्रोत व्यक्ति/ प्रशिक्षकबाट शिक्षक / विद्यालयलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (अर्धवार्षिक रुपमा) | | | |

मितिः ................ विद्यालयको छाप

.......................... शिक्षकको दस्तखत

......................... प्र.अ.को दस्तखत

## अनुसूची-६

यो शोध पत्र तयार गर्न आवश्यक पर्ने तथ्याङ्कहरु संकलनका लागि छनौटमा परेका अध्ययन क्षेत्रका सामुदायिक विद्यालय र ती विद्यालयमा कार्यरत प्र.अ.हरु, शिक्षकहरु, वि.व्य.स.का अध्यक्षहरु र स्रोतकेन्द्रका स्रोतव्यक्तिको नामावली:

**अध्ययन क्षेत्रका नमूनाको रुपमा छनौटमा परेका सामुदायिक विद्यालयहरु:**

१) पब्लिक उच्च मा.वि., धरान-१३

२) शिक्षानिकेतन उच्च मा.वि., धरान-६

३) ल्याबोरेटरी उच्च मा.वि., धरान-८

४) पञ्चायत उच्च मा.वि., धरान-१०

५) हिमाली मा.वि., देउराली

**प्र.अ.हरुको नामावली**

१) ईश्वर सापकोटा - पब्लिक उच्च मा.वि., धरान-१३

२) राजकुमार श्रेष्ठ - शिक्षानिकेतन उच्च मा.वि., धरान-६

३) रुद्रबहादुर लुङ्वा - ल्याबोरेटरी उच्च मा.वि., धरान-८

४) सुबोधकुमार शर्मा - पञ्चायत उच्च मा.वि., धरान-१०

५) गणेश राई - हिमाली मा.वि., देउराली

**शिक्षकहरुको नामावली**

**पब्लिक उच्च मा.वि., धरान-१३**

१) पुरुषोत्तम निरौला
२) लक्ष्मण राई
३) प्रमोद भण्डारी
४) विजय राई
५) नारद राई
६) शिवनारायण कुमार स्वर्णकार
७) हेमराज भट्टराई

**शिक्षानिकेतन उच्च मा.वि., धरान-६**

१) रेवत पौडेल
२) मुकुन्द्र भण्डारी
३) धनबहादुर कार्की
४) उमेश गुरागाई
५) निता श्रेष्ठ
६) हिराकाजी बुढाथोकी
७) जगत बहादुर वि.क.

**ल्याबोरेटरी उच्च मा.वि., धरान-८**

१) शंकर भण्डारी
२) उत्तम सुवेदी
३) केशव अधिकारी
४) पुरुषोत्तम खतिवडा
५) भरत शाक्य
६) प्रतिभा श्रेष्ठ
७) आशबहादुर राई

**पञ्चायत उच्च मा.वि., धरान-१०**

१) उत्तम श्रेष्ठ
२) गोपाल भट्टराई
३) प्रदिप पाखिन
४) गोपाल प्रसाद भट्टराई
५) समिता श्रेष्ठ
६) कृष्ण प्रसाद भट्टराई
७) टिकाराम आचार्य

**हिमाली मा.वि., देउराली**

१) आरती श्रेष्ठ
२) हितराम लिम्बू
३) सोमप्रसाद चौधरी
४) जनक चौधरी
५) यमकुमार बस्नेत
६) गणेश तामाङ
७) भुमिका सुब्बा

**वि.व्य.स. अध्यक्षहरु**

१) पदम विसुङ्के - पब्लिक उच्च मा.वि., धरान-१३
२) विजय श्रेष्ठ - शिक्षानिकेतन उच्च मा.वि., धरान-६
३) हरि वि.क. - ल्याबोरेटरी उच्च मा.वि., धरान-८
४) भद्रसिंह राई - पञ्चायत उच्च मा.वि., धरान-१०
५) निरमाया राई - हिमाली मा.वि., देउराली

**स्रोतव्यक्तिको नाम**

१) खेमचन्द्र सुवेदी - धरान स्रोत केन्द्र